मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २९३ ● २०८० साल भदौ १६ गते शनिबार ● Saturday 02, September 2023 ● सूर्योदय: बिहान ५:४४ बजे ● सूर्यास्त: साँझ ६:२५ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# मधेश हुँदै हेटौँडा पुग्यो नक्कली नोट

**जिल्ला प्रहरी कार्यालय मकवानपुरले ९५ हजार रुपैयाँ बराबरको नक्कली नेपाली नोटसहित रौतहट, कटहरिया नगरपालिका वडा नम्बर ६ का १९ वर्षीय धर्मेन्द्र महरा, २१ वर्षीय दिपेश दास र मकवानपुर, राक्सिराङ–२ का विजय तामाङलाई पक्राउ गरेको छ ।**

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा नक्कली नेपाली नोटको बिगबिगी रहेको र यस्तो नोट हेटौँडा, पोखरा र काठमाडौँसम्म पु¥याउन गिरोह सक्रिय भएको पाइएको छ । गिरोहका सदस्यहरुले भारतमा नक्कली नोट छापेर मधेशका जिल्लाहरुसँगै प्रमुद व्यापारिक केन्द्रमा पनि नक्कली नोट पु¥याउने कामलाई तीब्रता दिइएको पाइएको छ ।
जिल्ला प्रहरी कार्यालय मकवानपुरले ९५ हजार रुपैयाँ बराबरको नक्कली नेपाली नोटसहित दुई जनालाई पक्राउ गरेबाट पनि नक्कली नोटको कारोबारीको सक्रियता कायमै रहेको पुष्टि हुन्छ । प्रहरीले रौतहट, कटहरिया नगरपालिका वडा नम्बर ६ का १९ वर्षीय धर्मेन्द्र महरा र २१ वर्षीय दिपेश दासलाई नक्कली नोटसहित पक्राउ गरेको हो ।
प्रहरीले एक हजार दरको ९५ वटा नक्कली नेपाली नोटसहित हेटौँडाबाट उनीहरुलाई पक्राउ गरेको हो । हेटौँडा उपमहानगरपालिका वडा नम्बर १५ चुरियामाई मन्दिर क्षेत्रस्थित सडकखण्डमा पैदल हिँडिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरुसँग सोधपुछ गर्दा उनीहरूले नक्कली नोट मकवानपुरको राक्सिराङ गाउँपालिका–२ का ४० वर्षीय विजय तामाङबाट लिएको बयान दिएका थिए । बयानका आधारमा इलाका प्रहरी कार्यालय पशुपतिनगरको टोलीले तामाङलाई पनि नियन्त्रणमा लिएको छ । नियन्त्रणमा रहेका तीनै जनालाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा पठाइएको छ ।
रौतहटका युवाहरुलाई नक्कली नोट ओसारपसारमा प्रयोग गरिएको पाइएको छ भने नक्कली नोट मकवानपुरको विकट गाउँसम्म पुगेको यो घटनाले पुष्टि गरेको छ । मकावानपुरको राक्सिराङ गाउँपालिका वडा नम्बर २ कुनै व्यापारिक कारोबार हुने केन्द्रबजार होइन । सामान्य यातायात सुविधा पुगेको गाउँमा यति ठूलो परिणाममा नक्कली नोट संग्रह हुनु पक्कै गिरोहले सुरक्षित स्थल खोजी गरेको अनुमान प्रहरीको छ । प्रहरीले अनुसन्धान जारी राखेको छ ।

**सीतामढीमा छापिन्छ नक्कली नोट**
मधेशदृष्टि दैनिकले भारतीय भारतीय सीमावर्ती क्षेत्रमा बसेर नेपाली नक्कली नोटको कारोबार गर्ने गिरोह सक्रिय भएको समाचार दुई साताअघि नै प्रकाशन गरेको थियो । गिरोहले भारत, बिहारस्थित सीतामढीनजिकको एक गाउँमा एक हजार दरका नक्कली नेपाली नोट छपाएर नेपालमा बजारीकरण गरिरहेको विषय बाहिर आएको थियो । यो तथ्य नेपाल प्रहरीले नै बाहिर ल्याएको हो । सीतामढीमा लामो समयदेखि जाली नोट कारोबारमा संलग्न महमद सलिमको गिरोहले करोडौँ नक्कली नेपाली नोट छापेर मधेशका विभिन्न नाकाबाट नेपाल भित्र्याउने काम गरिरहेको प्रहरीले नै सार्वजनिक गरेको हो ।

**कति नोट छन् बजारमा ?**
पछिल्लो छ महिनामा मधेशका नाकाबाट एकहजार दरका १० करोड भन्दा बढी नक्कली नेपाली नोट मधेशसँगै नेपालका विभिन्न ठाउँमा पु¥याइएको अनुसन्धानमा देखिएको कथियो । जाली नोटको कारोबार गर्ने गिरोहले सीमावर्ती सीतामढी नजिकैको एउटा गाउँमा घर भाडामा लिएर भारतीय पैसासँग नेपाली नोट साटने गरेको थियो । सलिमको समूहले एकलाख भारतीय रुपियाँ बराबर तीन लाख नेपाली नक्कली नोट दिने गरेको र यो कार्यमा केही नेपालीको पनि संलग्नता रहेको प्रहरीले बताएको थियो । स्रोतका अनुसार, बारा, सर्लाही, महोत्तरी, सिराहा, हेटौँडा, पोखरा र काठमाडौँ घर भएका नेपालीको समेत जाली नोट ओसारपसार र कारोबारमा संलग्नता छ ।

**बैंक कर्मचारीको पनि संलग्नता ?**
मधेशका विभिन्न सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित वाणिज्य बैंकका मुख्य जिम्मेवारीमा रहेका केही कर्मचारीको समेत नक्कली नोट सटहीमा संलग्नता रहेको प्रहरी अनुसन्धानमा खुलेको थियो । जिल्ला प्रहरी कार्यालय बाराले सीमावर्ती भारतीय सहरमा जाली नोटको कारोबारमा संलग्नलाई पक्राउ गरेको थियो । बारा प्रहरीले सीतामढीमा पुगेर महमद सलिमको अखडामा छापा मारेर उसलाई पक्राउ गरी भारतीय प्रहरीको जिम्मा लगाएको थियो ।
तीन महिना जेल सजायपछि उनी कारागारमुक्त भएर पुनः भारतका विभिन्न सहरमा नेपाली नोट छाप्ने मेसिन नै राखेर सक्रिय भएको प्रहरीको भनाइ छ । कलैया, वीरगंज र रक्सौलमा बसेर हुण्डीको कारोबार गर्ने केही व्यक्तिले भारतीय नोटको प्रबन्ध मिलाइदिने गरेको स्रोतको दाबी छ । रक्सौलमा बसेर नेपालमा व्यापार गर्ने दुई जना रक्सौलका व्यापारी पनि कारोबारमा लागेको बताइएको छ ।

**कति समातिए जाली नोट कारोबारमा ?**
मधेशको सप्तरी, महोत्तरी, सर्लाही, रौतहट र बारामा रहेका केही वाणिज्य बैंक र सहकारीमा समेत जाली नोटको कारोबार हुने गरेको छ । नेपाल प्रहरीले एक वर्षका अवधिमा मधेशका विभिन्न जिल्लामा जाली नोटको कारोबारमा संलग्न ५२ जनलाई पक्राउ गरेर कारबाही गरेको जनाएको छ । तीमध्ये २ महिला छन् । एक वर्षका अवधिमा प्रहरीले मधेशका ८ जिल्लाबाट २६ लाख ९२ हजार नेपाली नक्कली नोट फेला पारेको छ । भारतका विभिन्न सहरबाट प्रिन्ट गरेर नेपाल भित्र्याएको अवस्थामा प्रहरीले नक्कली नोट बरामद गरेको हो । बाराका प्रहरी उपरीक्षक होविन्द्र बोगटीका अनुसार घोडासन र सीतामढीमा नक्कली नोट छाप्ने मेसिन नै राखेर नेपाल पठाउने गरेको सूचनाका आधारमा भारतीय प्रहरीको सहयोगमा संलग्नलाई पक्राउसमेत गरेको बताए । उनले नेपाल प्रहरीले पक्राउ गरेको व्यक्तिलाई भारतीय प्रहरीको जिम्मा लगाएर छोड्नु परेको जानकारी दिए । मकवानपुरमा नक्कली नोटका कारोबारी समातिएको घटनालाई मसिनोसँग अनुसन्धान गरिए नक्कली नोटको कारोबारमा संलग्न अरु सदस्यसम्म प्रहरी पुग्न सक्ने अनुमान गरिएको छ ।

## वैभव भित्र


- 'अमेरिका आर्थिक दृष्टिले सम्पन्न, संवेगात्मक रुपले विपन्न'
- अचेल मन्त्रीजी बौलाएका छन्
- राजेश्वर नेपाली: एक महान् दीपक
- मधेशले रोजेको डाक्टर बुहारी


# भारतले बल्ल छाड्यो पानी तीन जिल्लामा राहत

**'गण्डक सम्झौता' अनुसार भारतीय पक्षले नेपालको लागि असार १५ देखि असोज १५ सम्म ८ सय ५० क्युसेक पानी नहर प्रणालीमार्फत दिनुपर्ने छ । यसपटक भारतले करिब ७ सय २४ क्युसेकसम्म पानी नहरमा छोडेको छ । १५ नम्बर ब्लकबाहेक सबै क्षेत्रमा यसपटक नहरको पानी पुगेको बताइएको छ ।**



**मधेशदृष्टि**
**वीरगंज ।**
दुई दशकपछि भारतले क्षमताअनुसार गण्डक नहरमा पानी छाडेपछि बारा, पर्सासहित रौतहटका किसानले यसपटक धानबालीमा सिँचाइ गर्न पाएका छन् । विगतमा क्षमताअनुसार गण्डक नहरमा भारतले पानी नदिँदा नहर आसपासको क्षेत्रमै सिँचाइ समस्या हुने गरेकामा यसपटक नहरमा क्षमताअनुसार पानी छाडिएपछि रौतहटसम्म नहरको पानी पुगेको नारायणी सिँचाइ व्यवस्था कार्यालय पर्साले जनाएको छ ।
प्राविधिक र कर्मचारीको दुई वटा छुट्टाछुट्टै टोली बनाएर खटिएसँगै यसपटक रौतहटसमम पानी पुर्याउन सफल भएको नारायणी सिँचाइका इन्जिनियर सुरेश प्रसाद साहले जानकारी दिए । खेतमा सिँचाइको पानी पुगेपछि किसानहरु खुसी भएका छन् ।
तीनै जिल्लाका किसानको जीवनस्तर उकास्ने र कृषि उत्पादन अभिवृद्धि गर्ने उद्देश्यले नारायणी नदीको पानीलाई भारतको बिहार राज्यको वाल्मीकि नगरमा गण्डक ब्यारेज निर्माण गरेर नहर प्रणालीमार्फत दुवै देशमा सिँचाइको व्यवस्था मिलाइएको हो । नेपाल र भारत सरकारबीच भएको 'गण्डक सम्झौता' अनुसार भारतीय पक्षले नेपालको लागि असार १५ देखि असोज १५ सम्म ८ सय ५० क्युसेक पानी नहर प्रणालीमार्फत दिनुपर्ने छ ।
इन्जिनियर साहले चौतर्फी दबाबपछि यसपटक भारतले करिब ७ सय २४ क्युसेकसम्म पानी नहरमा छोडेको बताए । गण्डक नहरको पानी रौतहटको चपुरबाट गौर जाने बाटोमा रहेको बम नहरमार्फत परोहा, बौधिमाई नगरपालिका र आसपासको क्षेत्रमा पुगेको साहले जानकारी दिए । यता, रौतहट बौधिमाई नगरपालिकाका नगरप्रमुख प्रदीप यादवले नहरको पानी बाराको सिमानादेखि ५ मिटर अगाडिसम्म आएको बताए । गण्डक नहर नेपालतर्फ पर्साको जगरनाथपुर गाउँपालिकाबाट सुरु भएर रौतहटसम्म करिब ८२ किलोमिटर लम्बाइमा फैलिएको छ ।
इन्जिनियर साहले यसपटक ७६ किलोमिटरसम्म नहरको पानी पुगेको जानकारी दिए । नारायणी सिँचाइको पानीलाई १६ वटा ब्लकमा विभाजन गरिएको छ जसमध्ये १२ वटा ब्लक बारा, पर्सामा पर्दछ भने १३, १४ र १५ नम्बर ब्लक रौतहटमा छ । १५ नम्बर ब्लकबाहेक सबै क्षेत्रमा यसपटक नहरको पानी पुगेको इन्जिनियर साहले दाबी गरे ।

# आइतबारपछि रेललाई तेल छैन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
इन्धन अभावमा नेपाल रेल्वेको सेवा अवरुद्ध हुने सम्भावना देखिएको छ । नेपाल रेल्वे सेवाका महाप्रबन्धक निरञ्जन झाको पदावधि सकिएर नयाँ महाप्रबन्धक नआएकाले यस्तो हुने देखिएको हो ।
झाको पदावधि भदौ २ गते सकिएको हो । रेल्वे सेवा सञ्चालनमा अहिलेसम्म कुनै कठिनाइ नआएपछि महाप्रबन्धक झाको पदावधि सकिएपछि इन्धन खरिदमा समस्या पर्न लागेको बुझिएको छ । रेल सञ्चालनका लागि इन्धनको आर्थिक निकासामा महाप्रबन्धक नभएकाले भुक्तानी रोकिने अवस्था आएको बताइएको छ ।
बिजलपुरा–जनकपुरधाम–जय नगर रेल्वे सेवा सञ्चालनमा रेलमा हालिँदै आएको डिजेलको रकमको भुक्तानी अनुसार आइतबारसम्म मात्र सेवा दिने अवस्था छ ।
'आइतबारसम्मलाई समस्या छैन, त्यसपछि भने इन्धनको भुक्तानी रोकिनसक्छ,' निवर्तमान भएका महाप्रबन्धक झाले भने, 'रेल्वे कम्पनीको आर्थिक अधिकार महाप्रबन्धकालाई मात्र भएकाले यस्तो भएको हो, तर आइतबारसम्म समस्या छैन ।' जनकपुरधामस्थित भी आयल स्टोर पम्पबाट रेल्वे कम्पनीले रेलका लागि तेल खरिद गर्दै आएको छ । भी आयल स्टोरले भदौ ६ गते २० लाख ९५ हजार ६ सय ४१ रुपैयाँ भुक्तानी पाउन बाँकी भएको जनाएको छ ।
जनकपुरधामदेखि भारतको जयनगरसम्म सेवा दिँदै आएको रेल्वेले केही महिना अघिदेखि २२ वर्षसम्म ठप्प रहेको बिजलपुरा, जनकपुरधामदेखि जयनगरसम्म सेवा दिन थालेको हो ।
रेल्वे सेवा सञ्चालनले एक दर्जन भन्दा बढी ग्रामीण भेगका जनताले आफैँले उत्पादन गरेका सामग्री बाहिर लैजाने र भारतको सीमावर्ती क्षेत्रबाट उत्पादन हुने सामग्री ल्याउन सहज भएको छ ।

# नक्सा अतिक्रमणबारे बोल्यो सरकार




**मधेशदृष्टि**
**वीरगंज ।**
परराष्ट्र मन्त्रालयले संसदले सर्वसम्मतिले स्वीकृत गरेको राजनीतिक र प्रशासनिक नक्सालाई छिमेकी मुलुकहरुले सम्मान गर्नु पर्ने बताएको छ । २८ अगस्टमा चीनले जारी गरेको नयाँ नक्साबारे धारणा स्पष्ट पार्दै मन्त्रालयले संसदले सर्वसम्मतिले स्वीकृत गरेको राजनीतिक र प्रशासनिक नक्सामा नेपाल दृढ र स्पष्ट रहेको जनाएको छ । मन्त्रालयले विज्ञप्ति निकाल्दै भनेको छ, 'यो नक्सालाई हाम्रा छिमेकी र अन्तर्राष्ट्रिय समुदायले सम्मान गर्नुपर्छ भन्नेमा नेपाल सरकार विश्वास गर्छ ।' मन्त्रालयले नेपाल सीमा विवाद वार्ता र कूटनीतिबाट समाधान गर्न प्रतिबद्ध रहेको जनाएको छ ।







# बस्ती खाली गर्न दिइएको समय सकियो

**मधेशदृष्टि**
**बारा ।**
पूर्व–पश्चिम राजमार्गको दुधौरा खोला छेउस्थित पथलैया सामुदायिक वन क्षेत्रभित्र बसोबास गरेका बस्ती खाली गर्न वन कार्यालयले दिएको निर्देशन दिएको छ ।

डिभिजन वन कार्यालय बाराले सार्वजनिक सूचना टाँस गरेर कानुन विपरीत वन क्षेत्र अतिक्रमण गरी छाप्रो तथा टहरा बनाई बसेका तथा पसल सञ्चालन गरेको देखिन आएकाले १५ दिनभित्र हटाउन साउन ३१ निर्देशन दिएको हो । डिभिजन वन कार्यालयको दिएको सूचनाको म्याद भदौ १४ गते बिहीबार सकिएको छ । सहायक डिभिजन वन अधिकृत ललन कुर्मीले दुधौरा पुल छेउमा बसोबास गर्ने करिब ६० घरधुरीमध्ये अधिकांशको अन्यत्र घरजग्गा भएको दाबी गरेका छन् ।

तोकिएको म्यादभित्र घरजग्गा खाली नभएपछि कारबाही प्रक्रिया अगाडि बढाइने वन कार्यालयले जनाएको छ ।

स्थानीयले भने उठेर जाने ठाउँ नभएको बताएका छन् ।

पूर्व–पश्चिम राजमार्गसँग जोडिएको पथलैया सामुदायिक वनको ठूलो भूभाग अतिक्रमणमा परेको छ । वनका तत्कालीन कर्मचारीकै मिलेमतोमा सामुदायिक वनको जग्गा अतिक्रमणमा परेको पूर्व गाविस अध्यक्ष रामदास धौजुले जनाए । दुधौरा पुल छेउमा वनको जग्गामा बसोबास गर्ने अधिकांश सर्लाही बागमतीबाट आएका छन् ।

# आठ वर्षपछि तातोपानी नाकाबाट आवतजावत

**रासस**
**सिन्धुपाल्चोक ।**
नेपाल–चीन सीमास्थित तातोपानी नाकामा आठ वर्षपछि मानिस आवतजावत सुरु भएको छ । लिपिङस्थित मितेरी पुलबाट नेपाली अध्यागमन कार्यालयको प्रवेश अनुमति पत्र लिएका सिन्धुपाल्चोकका बासिन्दा चिनियाँ सुरक्षाकर्मीलाई जाँच गराएर चीनतर्फ प्रस्थान गरेका छन् । सांसद माधव सापकोटासहितको टोलीलाई चिनियाँहरुले भव्य स्वागत गरेका थिए । नाका खुलाउन नेतृत्वदायी भूमिका खेलेएका सिन्धुपाल्चोक क्षेत्र नम्बर १ बाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा सदस्य माधव सापकोटा ‘सुबोध’ बिहानै तातोपानी नाका पुगेका थिए । तातोपानी क्षेत्रका जनप्रतिनिधि, भन्सार र अध्यागमन कार्यालयका अधिकारीसहित नाकामा पुगेका उनले अब नाका पूर्ण सञ्चालनमा आएको बताए । विसं. २०७२ वैशाख १२ गतेको महाभूकम्पपछि नेपाल–चीनबीचको नाका पूर्णरुपमा बन्द थियो । नेपाल र चीन दुवैतर्फ ठूलो मानवीय र भौतिक क्षति भएका कारण लामो समयसम्म नाका बन्द अवस्थामा थियो । भूकम्पबाट सृजित कठिनाइ पन्छाएर सीमितरुपमा मात्रै सञ्चालन भएको नाका विसं. २०७६ फागुनमा विश्वव्यापीरुपमा कोरोना महामारी फैलिएपछि नाका पुनःबन्द भएको थियो ।

चीनबाट सीमित सामान आयातका लागि खुला रहेको नाकाबाट २०८० वैशाख १८ (१ मे) बाट दोहोरो आयात निर्यात खुलाइएको थियो । आयात निर्यात खुलेलगत्तै मानिस आवतजावतका लागि संसद्मा सापकोटाले आवाज पनि उठाएका थिए । साथै कूटनीतिक भेटघाट तथा प्रधानमन्त्री, गृहमन्त्री र परराष्ट्र मन्त्रीको ध्यानाकर्षण समेत गराएका थिए । केही समयअघि चिनियाँ अधिकारीले मानिस ओहोरदोहोरका लागि नाका सञ्चालन गर्ने तयार रहेको खबर पठाएका थिए । त्यसपछि चिनियाँ अधिकारीबीच भएको छलफलले स्थानीय आवतजावत गर्न पाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले जानकारी दिए ।

# माओवादीको अभियान तयारी पूरा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा माओवादी केन्द्रले जनतासँग माओवादी विषेश रुपान्तरण अभियानको पूर्ण तयारी भएको जनाएको छ ।शनिबारदेखि माओवादीले सुरु गर्न लागेको तीनमहिने रुपान्तरण अभियानमा पार्टीका सबै पदाधिकारीदेखि केन्द्रीय सदस्यलाई देशभरका विभिन्न वडामा जिम्मेवारी तोकिएको छ । जनतासँग माओवादी विषेश रुपान्तरण अभियानका लागि सम्पूर्ण तयारी पूरा भएको धनुषाको जिम्मेवारी पाएका नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य अजयशंकर नायक अविनाशले जानकारी दिए ।उनले धनुषाको १८ वटै पालिकाको वडाबाट नै जनतासँग माओवादी विषेश रुपान्तरण अभियानको उद्घाटन गरी तीन महिनासम्म निरन्तररुपमा जारी रहने बताए ।

पूर्वमन्त्रीसमेत रहेका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज अविनाशले जनतासँग माओवादी विशेष रुपान्तरण अभियानमार्फत वडा कमिटीको बैठक, वडास्तरसम्म पार्टी कार्यालय स्थापना, सदस्यता नवीकरण, हरेक वडा र टोलमा भेटघाट, जनसंघर्ष प्रमुखतासहित जनस्तरसम्ममा छलफल गर्ने, वडा तथा नगर कमिटीको पुनर्गठन गर्नेलगायतका योजनाहरु तीन महिनामा सम्पन्न गर्ने योजना रहेको बताए ।उनले यस अभियानबाट जनताको घरघरमा गएर राजनीतिकदेखि पारिवारिक समस्या बुझ्ने र जनताको पार्टी बनाउने अभियानमा लागिपरेको बताए ।

# संघर्ष समितिबाटै पीडितमाथि ठगी

**मधेशदृष्टि**
**राजविराज ।**
अनुचित लेनदेन (मिटरब्याजी) पीडितका समस्या समाधानका निम्ति गठित मिटरब्याजीविरुद्ध संघर्ष समितिका पदाधिकारीले मुद्दा छलफल गराइदिने बहानामा पीडितलाई ठग्ने गरेको पाइएको छ ।

समितिका पदाधिकारीले मिटरब्याजी (पीडक)सँग ‘बार्गेनिङ’ गर्दै गरेको ‘अडिओ’समेत बाहिर आएको छ । समितिका सचिव छेदीलाल पासवानले पीडितसँग छलफल गराइदिने बहानामा नोट (रकम), सर्ट र बन्डी ठगी गरेको पाइएको छ । नोट, सर्ट र बन्डी लिएर पनि छलफल नगराइदिएको र मिटरब्याजी साहुकारसँग पनि ‘बार्गेनिङ’ गर्न थालेपछि बाध्य भएर न्याय गुहार्दै भौतारिनु परेको शम्भुनाथ नगरपालिका–६ कठौनाका मिटरब्याजी पीडित छुतहरु मियाँले दुखेसो गरे । उनले छलफलको अन्तिम समयमा आएर अध्यक्ष मो.तैयब अली र सचिव छेदीलाल बाहिरिएका कारण छलफल स्थगित भएको बताए । सचिव पासवानले कपडा सिलाउन मात्रै दिएको र पछि पैसा पनि दिएको प्रतिक्रिया दिए ।

# मन्त्रीको छोराको पेस्तोलबाट गोली प्रहार

**मधेशदृष्टि**
जनकपुरधाम । भारतका केन्द्रीय मन्त्री कौशल किशोरका छोराको विकास किशोरको पेस्तोलबाट साथीको हत्या भएको छ । लखनउ बजारमा घटना भएको हो । विकासलाई भेट्न साथी



विनय श्रीवास्तव आएका थिए । लगत्तै गोली चलेको आवाज आएको प्रहरीले जनाएको छ । घटनामा विनयको हत्या भएको छ र पेस्तोल मन्त्रीको छोराको भएपछि प्रहरीले अनुसन्धान सुरु गरेको छ ।

# सञ्चार र प्रशासनको सम्बन्ध सुमधुर हुनेछः थापा

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले जिल्लामा हुने सबै बेथिति अन्त्य गर्न सहकार्य जरुरी रहेकोले प्रशासन र पत्रकारबीच सहकार्यलाई सुमधुर बनाउनमा कमी हुन नदिने बताएका छन् । शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा थापाले शान्तिसुरक्षा र सुशासनलाई चुस्त राख्न प्रशासन र पत्रकारबीच सुमधुर सम्बन्ध हुन आवश्यक रहेको बताए । पत्रकारको सुरक्षामा कमी आउन नदिने बताउँदै थापाले प्रशासन र पत्रकार दुवै पक्षको एकआपसमा सम्मान व्यवहारले सम्बन्ध विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले समाजलाई हानी र कुनै व्यक्तिलाई फाइदा हुने किसिमले समाचारलाई स्थान नदिन आग्रह गर्दै जिल्लाको शान्ति सुरक्षामा अग्रसर हुन पत्रकारले सुझाव दिएका थिए ।

सप्तरीमा खुला सिमानाका कारण हुने चोरी निकासी, मिटर ब्याजपीडितका नाममा हुने चलखेल, अस्पतालमा रहेको बेथिति, दुर्घटना, स्थानीय तहमा भइरहेको भ्रष्टाचारका घटना, विद्युत समस्या, खुलेयाम अखाद्य बस्तु बिक्री वितरण, फोहर व्यवस्थापन, सरकारी कार्यालयमा हुने ढिलासुस्ती, कर्मचारी अभाव र बिचौलियाको प्रभाव, लागू औषधको बिक्री तथा युवापुस्तामा पारेको प्रभाव, छाडा चौपायाले निम्त्याएको समस्या, सार्वजनिक स्थानमा भइरहेको चोरीका घटना, हत्या तथा आपराधिक घटनामा भइरहेको वृद्धिले शान्ति सुरक्षामा चुनौती थपेकोले यसलाई नियन्त्रण गर्न अग्रसर हुन पत्रकारहरूले सुझाव दिएका थिए ।

पछिल्लो समय प्रहरी प्रशासनबाट पत्रकारमाथि कुटपिट, समाचार सङ्कलनमा अवरोध, संविधान तथा मानवअधिकार उल्लङ्घनका घटनाले सप्तरीका पत्रकार असुरक्षित रहेको भन्दै पत्रकारले थापाको ध्यानाकर्षण गराएका थिए । थापाले पत्रकारहरूले दिएको सुझावलाई गम्भीरतापूर्वक लिएको बताउँदै क्रमशः कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे ।

भेटघाटमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष श्रवणकुमार देव, प्रेस स्वतन्त्रता सेनानी एवम् शाखा सप्तरीका पूर्व सभापति बैद्यनाथ झा, पूर्वसभापति धिरेन्द्र प्रसाद साह, वरिष्ठ पत्रकार अनिल अनल, प्रेस युनियन सप्तरीका अध्यक्ष विनयलाल कर्ण, पूर्व केन्द्रीय सदस्य अबधेश झा, गणेशलाल देव, पत्रकार बृजमान तामाङ, नर्मदेव यादव, चन्दन यादव, देवराम यादव, कृष्णा कुमार मण्डल लगायतको उपस्थिति थियो ।

संविधान र मानवअधिकार उल्लंघन गरेको आरोप लागेका भूपेन्द्र थापाको सरुवापछि नयाँ प्रमुख जिल्ला अधिकारी किरण थापा आएका हुन ।

# स्वराज आन्दोलनका प्रथम सहीद यादवको स्मृति दिवस मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वराज आन्दोलनको प्रथम सहीद राममनोहर यादवको शुक्रबार पाँचौ स्मृति दिवसको अवसर पारेर जनमत पार्टीले विभिन्न कार्यक्रम गरि मनाएको छ ।



डा. सिके राउत नेतृत्वको जनमत पार्टीले प्रहरी हिरासतमा मारिएका तत्कालिन स्वतन्त्र मधेश गठबन्धनका नेता सहीद राममनोहर यादवको सम्झनामा पाँचौ स्मृति दिवसको अवसर काठमाडौंसहित मधेशका जिल्लाहरुमा विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको हो ।

२०७५ भाद्र ७ गते तात्कालिन संघीय समाजवादी फोरमका अध्यक्ष एवं उपप्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादव प्रमुख अतिथि रहेको कार्यक्रममा उनले प्रश्न सोध्ने क्रममा पक्राउ परे ।तर,उनलाई कालो झण्डा देखाएको आरोपमा पक्राउ गरी राज्य विप्लवको मुद्दा लगाई हिरासतमा यातना दिएर बर्दिया प्रहरीद्वारा हत्या गरिएको आरोप संगठनले लगाएको थियो ।

उच्च रक्तचापका विरामी समेत रहेका स्व. राममनोहरले नियमित खाने औषधी समेत खान नदिएको, यातनाका बेला परिवारसंग भेट्न नदिएको जानकारी केन्द्रिय नेता अब्दूल खानले दिएका थिए । सिकिस्त भई बेहोस भईसकेपछि मात्र प्रहरीले उपचारका लागी स्व. राममनोहरलाई स्थानिय स्वास्थ्य चौकी, जिल्ला अस्पताल र अन्तमा काठमाडौं लैजाने क्रममा अनावश्यक समय बर्बाद गरी जानिजानि २०७५ भाद्र १५ गते मृत्युको मुखमा पुऱ्याएको उनको सहयात्री जनमत पार्टीको केन्द्रिय उपाध्यक्ष , पुर्वमन्त्री तथा प्रतिनिधि सभा सदस्य अब्दुल खानले बताए । पक्राउ परेका



यादवलाई हिरासतमा चरम यातना दिँदा २०७५ साल भदौ १५ गते उनको हिरासतमै मृत्यु भएको थियो । तत्कालीन् मन्त्रीलाई बर्दिया जिल्लाको एउटा कार्यक्रममा प्रश्न सोध्न आएको भन्दै मन्त्रीको निर्देशनमा प्रहरीद्वारा पक्राऊ गर्न लगाई चरम यातना दिएको उनको हिरासतमै हत्या गरिएको जनमत पार्टीले आरोप लगाउदै आएको छ । उक्त समयमा जनमत पार्टीले मधेश अलग देश भनेर शान्तिपुर्णरुपमा मुभमेन्ट चलाई रहदा हिरासतमै हत्या गरिएको राममनोहर यादवको लाश समेत ६ महिनासम्म नेपाल सरकारले दिएका थिएन । पछि व्यापक दवावपछि शव लग्न दिएको तर शव लग्दाखेरि फेरि बाटैबाट खोसेको जनमत पार्टीको आरोप छ ।

# सुशासन र समृद्धिको यात्रामा सरकारः प्रधानमन्त्री

**‘केही दिनपछि म संयुक्त राष्ट्रसङ्घको महासभामा जाँदैछु । यसपटक मैले जलवायु परिवर्तन र त्यसले नेपाललगायत तेस्रो विश्वले भोग्नुपरेका समस्याबारे गम्भीररूपले कुरा उठाउँछु । जलवायु परिवर्तन र विश्व तापमान वृद्धिले सिङ्गो मानवजातिको भविष्यमा नै चुनौती खडा भएको छ । यसबारे गम्भीररूपले बहस गरेर साझा समाधान खोज्ने बेला आएको छ,’**

**रासस**
**गण्डकी ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सुशासन र समृद्धिको यात्रामा सरकार अघि बढेको बताएका छन् । समाजवादी मोर्चा, नेपालद्वारा पोखरामा आयोजित गण्डकी प्रदेशस्तरीय सन्देशसभालाई सम्बोधन गर्दै उनले अर्थतन्त्र तहसनहस बनिरहेका अवस्थामा आफूले सरकारको नेतृत्व लिएको बताए ।

यसबीचमा निजी र सार्वजनिक क्षेत्रबीच सहकार्य बढाउँदै अर्थतन्त्रलाई सही गतिमा अघि बढाउने काम भएको प्रधानमन्त्री दाहालको दाबी छ । उनले रेमिट्यान्स एवम् राजस्व बृद्धि, विदेशी मुद्रा सञ्चितीलगायतमा उपलब्धि हासिल भएको बताए । अर्थतन्त्रमा अझै पनि दबाब कायम रहेको बताउँदै उनले बैंकको ब्याजदर, सहकारी क्षेत्रलगायतमा देखिएका समस्या क्रमशः समाधान गर्दै जाने बताए ।

भ्रष्टाचार विरोधी अभियानलाई सरकारले निडरताका साथ अघि बढाइरहेको बताउँदै प्रधानमन्त्री दाहालले यो अभियान सानो मनले सुरु नगरिएको र दोषी छ भने जोसुकै भए पनि पर्ने स्पष्ट पारे । भुटानी शरणार्थी, ललिता निवास प्रकरणलगायत विषयमा भइरहेका छानबिन निष्कर्षतिर जाने उनले बताए ।

भारत भ्रमणका क्रममा महत्पूर्ण उपलब्धि हासिल भएको बताउँदै उनले भएका उपलब्धिलाई सुन्ने तथा भन्ने वातावरण पनि नदिइएको उल्लेख गरे । आफूले चाँडै नै न्यूयोर्क र त्यसपछि चीनको भ्रमणमा जान लागेको जानकारी दिँदै उनले न्यूयोर्कमा जलवायु परिवर्तनबाट भएका विपत्तीलगायत विषयमा छलफल गरिने बताए ।

चीन भ्रमणको क्रममा पोखरा र लुम्बिनी विमानस्थलबाट सिधै चीनका विभिन्न सहरमा उडान भर्ने सम्बन्धमा छलफल गरिने उनले जानकारी दिए ।



भ्रमणक्रममा कोरोला नाका र रूइला नाका खोल्ने चीनसँग सहमति गर्ने एजेण्डा तय भइसकेको प्रधानमन्त्री दाहालले बताए । नेपालले चीनसँग सुकेको घाँस निर्यात, राँगो तथा भैँसीको मासु नियात गर्न सक्ने धेरै किसिमका सम्भावना रहेको उनको भनाइ छ । प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको महासभामा नेपालले जलवायु परिवर्तनका कारण नेपाललगायत तेस्रो मुलुकले भोग्नुपरेका समस्याबारे प्रमुखरूपले कुरा उठाउने बताए । जलवायु परिवर्तन नेपालको मात्रै नभएर सिङ्गो विश्वको मुद्दा भएको उनको भनाइ छ । ‘केही दिनपछि म संयुक्त राष्ट्रसङ्घको महासभामा जाँदैछु । यसपटक मैले जलवायु परिवर्तन र त्यसले नेपाललगायत तेस्रो विश्वले भोग्नुपरेका समस्याबारे गम्भीररूपले कुरा उठाउँछु । जलवायु परिवर्तन र विश्व तापमान वृद्धिले सिङ्गो मानवजातिको भविष्यमा नै चुनौती खडा भएको छ । यसबारे गम्भीररूपले बहस गरेर साझा समाधान खोज्ने बेला आएको छ,’ दाहालले भने ।

कुनै आवेगमा आएर समाजवादी मोर्चा गठन नभएको स्पष्ट पार्दै उनले यसले सच्चा कम्युनिष्ट तथा लोकतन्त्रवादीलाई एकताबद्ध बनाउँदै लैजाने बताए । विभाजित कम्युनिष्ट एक ठाउँमा केन्द्रित हुनु आवश्यक भएको उल्लेख गर्दै उनले समाजवादको नयाँ उद्देश्यमा पुग्न एकता आवश्यक भएको बताए । परिवर्तनको उपलब्धिको रक्षार्थ विभाजित भएर नभै एकताबद्धरुपमा अघि बढ्नु जरुरी रहेको बताउँदै उनले मोर्चाप्रतिको आस्था र विश्वास बढ्दै गएको बताए ।

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जनताका लागि भनेर अहिलेको परिर्वतन ल्याएकाले अब काम गरेर देखाउनुपर्ने चुनौती रहेको बताए । जनताले वर्तमान सरकारप्रति ठूलो आशा गरेकाले काम गरेर जनताको मन जित्नुपर्नेमा उनले जोड दिए ।

नेपालले भने, ‘जनताले अहिले ठूलो आशा गरेका छन् । जनताका लागि परिर्वतन ल्याएकाले काम गरेर देखाउनु पर्ने चुनौती छ । सरकारको हात पनि बलियो बनाउने र सरकारको साथमा जनता छन्, राजनीतिक दल पनि छन् भनेर मोर्चाको अवधारणा अघि सारेका हौँ ।’ अध्यक्ष नेपालले चार दलीय मोर्चालाई सरकारसँग मात्र जोडेर हेर्न नहुने उल्लेख गरे । उनले कसैले देशको राष्ट्रियता र स्वाभिमानमा आँच पुऱ्याएमा मोर्चा चुप लागेर नबस्नेसमेत दाबी गरे । ‘कसैले यो मोर्चालाई सरकारसँग मात्र जोडेका छन् । सरकारसँग मात्र जोड्ने होइन । सरकारसँग पनि जोड्ने हो, जनता र देशसँग पनि जोड्ने हो । यो मोर्चा तीन वटै क्षेत्रमा क्रियाशील हुनेछ,’ नेपालले भने ।

वर्तमान सरकारले निष्पक्ष ढङ्गबाट काम गरिरहेकाले सबैले साथ र सहयोग गर्नुपर्नेमा उनले जोड दिए । देशमा सुशासन कायम गर्नेसँगै सरकारले देश विकासका क्षेत्रसमेतमा पहल गरिरहेको अध्यक्ष नेपालले बताए । उनले मोर्चामा आवद्ध दलका नेता तथा कार्यकर्ताबीचमा प्रदेश तथा स्थानीयस्तरसमेतमा सुमधुर सम्बन्ध कायम गर्दै अघि बढ्न आग्रह गरे ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द ‘विप्लव’ ले क्रान्तिबाट स्थापित उपलब्धी रक्षाका लागि समाजवादी मोर्चा गठन भएको बताए । पछिल्ला समयमा क्रान्तिबाट पराजित शक्ति जुरमुराउन थालेको उल्लेख गर्दै उनले कम्युनिष्ट आन्दोलनमा देखिएका फुट समाजवादी मोर्चाका रुपमा एकताबद्ध हुँदै अघि बढ्न थालेको बताए । पछिल्ला समयमा जनयुद्ध लडेर आएका विरुद्धमा, समाजवादी आन्दोलनका विरुद्धमा षडयन्त्र भइरहेको उनले बताए ।

जनता समाजवादी नेपालका कार्यकारी सदस्य शिवलाल थापाले नेपालको आवश्यकताअनुसार समाजवादी मोर्चा गठन भएको बताउँदै यो आगामी २०८४ को निर्वाचनका लागि मात्र नभइ पछिसम्म पनि चलिरहने बताए । पछिल्ला समयमा सरकारले भ्रष्टाचारका फाइल खोलिरहेको बताउँदै उनले यो कार्य प्रशंसनीय भएको जिकीर गरे ।

अनुभव

# पाँच वर्षको अनुभवले भन्छ, ‘अमेरिका आर्थिक दृष्टिले सम्पन्न, संवेगात्मक रुपले विपन्न’



• राजेन्द्र महतो

*चियागफमा सबैले भन्छन्, ‘कहाँ आएर फँसिएछ ! बालबच्चाको भविष्य बनाउन भनेर आएको यस्तोमा भविष्य बन्ने सम्भावना कम र बिग्रिने सम्भावना बढी भयो ।’ हामी न अमेरिकी नागरिक भएर चयनसँग बस्न सक्छौँ न त छोडेर फर्किन । साँच्चै भन्ने हो भने हामी लहरा जस्तो भयौँ । लहराको जडा एक ठाउँमा हुन्छ फल अन्तै दिइरहेको हुन्छ । लहरा उपयोगी हो उपभोक्ताका लागि, फल प्रदायक । तर, उसको डाँठ निकै कमलो हुन्छ, कमजोर हुन्छ । धेरै फल दिने लहराभन्दा सानै भएपनि रुख हुनु राम्रो हो नि त !*

पाँच वर्षको अनुभवले भन्छ,‘अमेरिका आर्थिक दृष्टिले सम्पन्न, संवेगात्मक रुपले विपन्न’राजेन्द्र महतो‘म पनि कहिल्यै अमेरिका जाउँला’ भन्ने सोच नबन्दासम्म मैले दुनियाँको सबैभन्दा शक्तिशाली देश भनेर बुझेको थिएँ, त्यो भन्दा बढी अमेरिकाको बारेमा खासै सोधीखोजी गरिरहनुपर्ने आवश्यक्ता पनि थिएन । जब अमेरिका जाने निधो भयो र प्रक्रियामा लागेँ अनि मनमा अनेक कुरा खेल्न थाल्यो । लाग्थ्यो, ‘अमेरिकाको रुखमै पैसा फल्दोरहेछ । जाने बित्तिकै डलर टिपौँला र नेपालमा पठाउँला ।’ त्यहाँ पुगिसकेपछि बस्ने र काम गर्ने तौरतरिका नेपालमा जस्तै सहज होला भन्ने ठानेको थिएँ । र, बसीबसी पैसा कमाउन पाइने मनोवृति थियो । यहाँबाट ऋण लिएर पनि त्यहाँ पुग्ने बित्तिकै तिरिहालिन्छ नि ! भन्ने सोचाइ थियो । त्यहाँको एक डलर भनेको मेरा लागि एक–सावा सय रुपैयाँ बुझ्थेँ, एक हजारको एक–सावा लाख रुपैयाँ । त्यहाँ पुगिसकेपछि सोचेको भन्दा सबै कुरा उल्टो रहेको थाहा हुन थाल्यो । ‘आकाशको फल आँखातरि मर’ भने जस्तो रहेछ अमेरिका । हो, जहाँ राम्रो हुन्छ त्यहाँ नराम्रो पनि हुन्छ भन्ने कोणबाट लिने हो भने समान्य जस्तो लाग्ला । धेरै हदसम्म अमेरिका राम्रो हो पनि । तर, सबै कुरा राम्रो हुँदै होइन । मैले पाँचवर्ष त्यहाँ बसेर केही समयको लागि जब नेपाल फर्किने तयारीमा लागेँ अनि मन हुरुक्क भएर आयो । नेपाल जान्छु । रमाइलो गर्छु । उन्मुक्त भएर साथीभाईहरुसँग भेट्छु, रमाउँछु । केही दिनकै लागि भएपनि यो कानुनको जञ्जालबाट मुक्त जीवनलाई स्पर्श गर्छु । यस्तै यस्तै अनेक थरि कुरा मनमा खेल्न थाल्यो । आज म यहाँ (नेपाल) फर्केको तीन दिनमात्र भएको छ । मन भरिसक्यो जस्तो लाग्छ । लाग्छ, यो भन्दा त त्यहीँ राम्रो । अमेरिकामा साँझ बाटो हिँड्दा समान्य खाल्टा खुल्टीजस्तो देखिन्छ, भोलीपल्ट बिहानै त्यहीँ बाटो भएर निस्किँदा मर्मत भइसकेको हुन्छ, नयाँ बाटो जस्तै । यहाँ पाँचवर्ष अगाडी जहाँ खाल्टा थियो अहिले पनि छ । जे बेथिति थियो त्यो सबै ज्यूँकात्यूँ देख्छु । फेरि नेपालमा परिवर्तन नै नभएको पनि होइन । तर, के परिवर्तन भयो त भन्दा महँगी अचाक्ली बढ्यो । पाँचवर्ष अगाडी ४० रुपैयाँमा कपाल कटाउँथे, अहिले दुई सय रुपैयाँ तिर्नु परिरहेको छ । १० रुपैयाँमा एक कप चिया पिउन पाइन्थ्यो अहिले २५ रुपैयाँ पुगिसक्यो । आनाको २० लाख रुपैयाँ पर्ने जग्गाको मोल ४६ लाख भइसक्यो । अमेरिकामा भन्दा यहाँ जग्गाको भाउ धेरै बढी छ । यहाँ चार आना जग्गा किनेर टालटुल गरी घर बनाउँदा लाग्नेजति खर्च बराबर अमेरिकामा डेढ कठ्ठा जग्गामा नेपालको सन्दर्भमा भन्ने हो भने भिआइपी तहको सम्पूर्ण सुविधायुक्त घर तयार हुन्छ । जबकी, त्यहाँ बेरोजगारी समस्या छैन, गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षाको कत्ति पनि कमी छैन, त्यहाँ । तर, यति कुरा भनिरहँदा अमेरिका स्वर्ग र नेपाल नर्क भन्न खोजेको होइन है, मैले । नेपाल प्राकृतिक रुपमा सम्पन्नमात्र होइन, समृद्ध मुलुक हो । यहाँका नागरिकमा समवेदना छ, माया छ, सामुहिक भावना छ र संस्कार छ । अमेरिका यो मामिलामा अति गरिब र विपन्न देश हो । फेरी, भौतिक सुविधा, सरकारी सेवा, मानवीय मूल्य (कानुनको कार्यान्वयन आधारमा) अमेरिका जे छ त्यसको तुलनामा नेपाल केही होइन । अमेरिका पुग्नुभन्दा अगाडीसम्म समान्यतया हामीले कल्पना गरेको र त्यहाँ पुगिसकेपछि झेल्नुपर्ने अवस्थाको वारेमा छोटो चर्चा गरौँ । मैले त्यहाँ रोजगारीको अभाव छँदै छैन भन्ने सोचेँको थिएँ । त्यो सही रहेछ । तर, के लाग्थ्यो भने सबै कुरा समान्य होला । हो, अमेरिका पुगिसकेको व्यक्तिले आफैले नचाहेर काम नगरी बस्ने हो भने छुट्टै कुरा तर कामै नपाएर बेरोजगारी बस्नुपर्ने बाध्यता चाहीँ छैन । तर, यहाँबाट जाने बित्तिकै बसोबासको व्यवस्था त गर्नुपर्यो । त्यो नेपालमा जस्तो सजिलो छैन । नेपालको बस्तीमा गएर भाडाको लागि खाली घर भेट्नै बित्तिकै मोल तय गरेर सोही दिनदेखि बस्न मिल्ने र एकदुई महिनापछि पनि भाडा तिरे हुने सुविधा छ । अमेरिकामा त्यस्तो छैन । पछिल्लो दुई वर्षमा कति आर्जन गरेको छ ? सरकारलाई कति कर तिरेको छ ? त्यसको आधारमा व्यक्तिको हैसियत मूल्याङ्कन गरेर मात्रै भाडाको रुपमा घर पाउन सकिन्छ । सबभन्दा पहिला त त्यो नै कठिन हो । त्यसपछि काम पाउन पनि आधिकारिक रुपमा सबै कागजात दुरुस्त छ भने कानुन बमोजिम काम पाउने हो । होइन भने दैनिक ज्यालादारीको रुपमा काम भेट्छ जुन समान्य नागरिकको तुलनामा निकै सस्तो पारिश्रमिक हुन्छ । अर्को महत्त्वपूर्ण कुरा के भने नेपालमा जस्तो हैसियतमा त्यहाँ काम पाइँदैन । आफ्नो स्टाटस (नेपालको सन्दर्भमा) भन्दा निकै तल झरेर काम गर्नुपर्ने हुन्छ । नेपालमा जस्तो जागिर पाइसकेपछि ढिला सुस्ती गर्ने, समय तलमाथि केही चल्दैन । किराना पसलमा काम पाएको छ भने त्यहाँ बस्न टुल र कुर्सी उपलब्ध नै हुँदैन । ग्राहक आए पनि नआए पनि तोकिएको अवधिसम्म उभिराख्ने हो । तोकिएको समयभन्दा एक मिनेट ढिलो आउन मिल्दैन न एक मिनेट छिटो फर्किन पाइन्छ । ‘ड्युटी इज ड्युटी’ हो त्यहाँ । हाम्रो यहाँ सामाजिक संस्कार छ । सानोले ठूलालाई आदरभावले सम्बोधन गर्ने चलन छ । त्यहाँ पटक्कै छैन संस्कार भन्ने कुरो । १९ वर्षको केटोले ४९ वर्षका व्यक्तिलाई फलानो भनेर नामै उच्चारण गरी बोलाउने चलन त्यहाँ छ । त्यतिबेला त आफु हेपिएको जस्तो मनमा महसुस हुन्छ । हाम्रोतिर नातामै नपर्ने भएपनि टोल, समाजकालाई काका, दाजु, दिदी, बुवा भनेर सम्मानित शब्द उच्चारण गर्छौं, सम्बोधन गर्छौं । यसो हुँदा समाजमा एकअर्काबीच भावनात्मक सम्बन्ध बन्दछ । अमेरिकामा यस्तो संस्कार पटक्कै छैन । यी कुराहरुमा विचार गर्दा के महसुस हुन्छ भने, ‘अमेरिकामा डलरबाहेक केही राम्रो छैन ।’त्यहाँ चियागफमा सबैले भन्छन्, ‘कहाँ आएर फँसिएछ ! बालबच्चाको भविष्य बनाउन भनेर आएको यस्तोमा भविष्य बन्ने सम्भावना कम र बिग्रिने सम्भावना बढी भयो ।’ हामी न अमेरिकी नागरिक भएर चयनसँग बस्न सक्छौँ न त छोडेर फर्किन । साँच्चै भन्ने हो भने हामी लहरा जस्तो भयौँ । लहराको जडा एक ठाउँमा हुन्छ फल अन्तै दिइरहेको हुन्छ । लहरा उपयोगी हो उपभोक्ताका लागि, फल प्रदायक । तर, उसको डाँठ निकै कमलो हुन्छ, कमजोर हुन्छ । धेरै फल दिने लहराभन्दा सानै भएपनि रुख हुनु राम्रो हो नि त !हरेक आप्रवासी नेपाली (खासगरी पुरुष) ले रिटायर्ड लाइफ नेपालमै बिताउनुपर्छ भनिरहेका हुन्छन् । पुरुषले नेपाल फर्केर अध्यात्म वा सामाजिक जीवनमा फर्किने इच्छा जाहेर गरिरहेका हुन्छन् । महिलाले भने अमेरिकामै जीवन बिताउन चाहन्छन् । किनकी त्यहाँजस्तो नेपालमा महिला स्वतन्त्र छैनन् । नेपालमा आफु जन्मेको गाउँ टोलमै पनि चेलीले राति १२ बजे सडकमा डुल्न भय महसुस गर्छन्, आफ्नै गाउँठाउँमा सुरक्षाको अनुभूति भइरहेको हुँदैन । तर, संसारका जतिसुकै सानो वा गरिब मुलुकका छोरी, चेली पनि अमेरिकाको सडकमा चौबीसै घण्टा पूर्ण सुरक्षित महसुस गर्छन् । सुविधा धेरै तर पैसा जोगाउन छैन सहजअमेरिका पुगेपछि सुरुसुरुमा समान्य घरभाडामा अट्ने प्रयास गरिन्छ । विस्तारै परिवारको संख्या थपिँदैजाँदा आर्थिक बोझ पनि बढ्दै जान्छ । घर किन्न मन लाग्न थाल्छ । त्यहाँ घर किन्न पनि निकै सहज छ । ५ देखि २० प्रतिशतसम्म अग्रिम भुक्तानी गरेपछि बाँकी रकम किस्तामा तिर्ने शर्तमा जस्तोसुकै घर जतिबेला पनि किन्न पाइन्छ । घर कर्जाको लागि धरौटीमा केही राख्नुपर्दैन । ३० वर्षसम्म किस्ता तिरेपुग्छ । औसत घर किन्दा महिनाको दुई हजारदेखि पाँच हजार डलरसम्म किस्ता तिर्नुपर्ने हुन्छ । अहिले नेपालमा व्यक्तिपिच्छे मोबाइल फोन भएजस्तै अमेरिकामा हरेक व्यक्तिको एउटा गाडी हुन्छ । गाडी भएन भने अपाङ्गजस्तै हुनपुग्दोरहेछ त्यहाँ । यस हिसाबले गाडी अनिवार्यजस्तै हो । गाडी किन्दा पनि तीन सयदेखि हजार डलरसम्म महिनाको किस्ता तिर्नुपर्ने हुन्छ । त्यसपछि आफ्नो दैनिकी चलाउनुपर्ने, बालबालिकाको आवश्यक्ता सबै गर्दा आर्जन गरिएको पैसा सबै त्यसमै खर्च हुन पुग्दोरहेछ । पैसा जोगाउन सहज नभएपनि सुविधा भने पर्याप्त छ । यति बुझ्नुस् कि संसारका सबैभन्दा समृद्ध मुलुक हो त्यो । जीवन जिउन चाहिने न्युन्तम आवश्यक्ताहरु गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षाको सवालमा पूर्ण ग्यारेन्टी छ । कुनै गुनासो गर्ने मौका नै पाउनु हुन्न । त्यहाँ मानवीय समवेदना र भावना भन्ने कुरा दुर्लभ छ । भावनाको कुनै कदर नै हुँदैन । कानुनको घेराभित्रै बाँच्नुपर्ने । नेपालमा स्वच्छन्द, स्वतन्त्र, समूहगत, साँस्कृतिक र प्राकृतिक जीवन जीउन पाइन्छ । त्यहाँ यी अनुभूति नै हुँदैन ।




अमेरिकामा कानुन र मात्र कानुन छ, व्यवहारिक पक्ष छैन । नेपालमा कानुन पछि पहिले व्यवहारिक पक्ष आउँछ । अमेरिकाको राम्रो पक्षफलफुल अमेरिकामै फल्नुपर्छ भन्ने छैन तर संसारको जुनसुकै मुलुकमा फलेका राम्रा फल उपलब्ध हुन्छ । त्यहाँको डलर संसारभर चल्ने हुँदा सबैतिरको खानेकुरा उपलब्ध हुन्छ । जुनसुकै देशले उत्पादन गरेको पनि उच्च गुणस्तरको कपडा उपलब्ध हुन्छ ।शिक्षाको कुरा गर्ने हो भने १२ कक्षासम्म पुरा निःशुल्क छ । उच्च शिक्षाका लागि पैसा नभएकै कारण कुनै बालबालिका पढ्न नपाउने भन्ने हुँदैन । के विषय पढ्ने भन्ने रोज्ने अधिकार विद्यार्थीको हो । राम्रा विद्यार्थीले पूर्ण र आंशिक छात्रवृति पाइहाल्छन् । छात्रवृति पाउन नसक्नेले पनि बिनाधितो र सहज प्रक्रियामा अध्ययन ऋण लिन पाउँछ । विद्यार्थीले अर्थोपार्जनकै लागि काम गर्नुपर्दैन, पाउँदैन पनि । पकेटखर्चका लागि आवश्यक्ता छ भने इन्टर्न गर्ने सुविधा पाउँछ, त्यो वापत आर्थिक सुविधा तोकिएको हुन्छ । स्वास्थ्यमा अमेरिका नमूना हो । एकपटक मलाई पित्तथैलीको शल्यक्रिया गर्नुपर्ने थियो । त्यसका लागि नेपालमा लाख रुपैयाँ खर्च हुनु समान्य थियो । अमेरिकामा न पैसा आवश्यक पर्यो न कुरुवा (निजी सहयोगी) । म अस्पताल पुगेपछि सम्पूर्ण जाँच, शल्यक्रिया र औषधोपचार भयो । पूर्ण रुपले निको भइसकेपछि डिस्चार्ज गरिदियो ।बाटो हिँड्दाहिँड्दै कोही ढल्नपुग्यो भने तत्काल राज्यको निकायले उसलाई अस्पताल पुर्याउँछ र आवश्यक सम्पूर्ण उपचार गरेर घर पुर्याइदिन्छ । उपचारको सम्पूर्ण जिम्मा राज्यले लिएको छ त्यहाँ ।अत्यन्तै भरपर्दो र विश्वासिलो सुरक्षा व्यवस्था छ । नेपालमा ‘जो होचो उसैलाई घोचो’ भन्ने उखान नै छ । अर्थात् जो कमजोर छन्, उसैलाई सबैले दबाउने प्रवृति छ हाम्रोमा । त्यहाँ यसको ठ्याक्कै उल्टो छ । जो कमजोर छ उसको पक्षमा कानुन छ । जस्तो महिला, बालबालिका र वृद्धले कसैमाथि हिंसा गरेको आरोप लगाएको एक घण्टाभित्र आरोपित पक्राउ पर्छ र हतकडी लगाएर अदालतमा बुझाइन्छ । त्यसपछि उसले हिंसा गरेको छैन भनेर प्रमाणित गर्न सक्नुपर्यो नभए सजाय भोग्नुपर्ने । नेपालमा सडक दुर्घटना भयो भने सबभन्दा पहिले चालक फरार हुन्छ । हो पनि । त्यसरी भागेन भने स्थानीयले कुटेरै ज्यान मार्दिन्छ । त्यहाँ त्यस्तो हुँदैन । दुर्घटनामा मान्छे नै मरेको छ भने पनि चालकले ठाउँको ठाउँ गाडी रोक्नुपर्छ । मृतकको आफन्त त्यहाँ भएपनि चालकलाई हातपात गर्ने हुँदैन, पाउँदैन । केही मिनेटभित्र प्रहरी पुग्छ र कानुन बमोजिम कारवाही प्रक्रिया अगाडी बढ्छ । अमेरिकामा हरेक नागरिकसँग क्रेडिट कार्ड हुन्छ । पकेटमा पैसा नभएपनि चाहिएको जति सामान खरिद गर्न पाउँछ र विस्तारै उसले पैसा फिर्ता गरे हुन्छ । नेपाली नागरिकलाई यतिको सुविधा छैन । विपद्को बेला पनि कसैले भोकै बस्नु पर्दैन । कोभिडको बेला अघिल्लो महिनासम्म जसले जति पारिश्रमिक पाउँथे, त्यहीँ हिसाबले काममा जान नपरेपनि डेढ वर्षसम्म सरकारले सुविधा दिइरहयो । त्यहाँ ९५ प्रतिशत सरकारी सेवा लिन सशरीर कार्यालयमा उपस्थित भइरहनु पर्दैन । मेरो छोरी जन्मिनेबेलामा अस्पताल लिएर गएपछि भइसक्यो । त्यहाँ पुगिसकेपछि सम्पूर्ण व्यवस्थापनको जिम्मा अस्पतालको हुन्छ । बच्चाको जन्म भएको खबर सम्बन्धित निकायमा अस्पतालले नै गर्दिन्छ र १५ दिनभित्र जन्मदर्ता प्रमाणपत्र घरमा पुग्छ । बच्चा गर्भमा बसेको अस्पताललाई जानकारी गराइसकेपछि नौ महिनासम्म नियमित जाँच र आमालाई अतिरिक्त पोषणका लागि भत्ता उपलब्ध गराउँछ । बच्चा जन्मेको चार वर्षसम्म पोषणभत्ता दिइन्छ । तीन महिना अगाडी मैले सवारी चालक अनुमतिपत्र नवीकरणको लागि अनलाईन फारम भरेँ । अनलाईनबाटै शुल्क तिरिसकेपछि १० दिनभित्र घरमै नयाँ लाइसेन्स आइपुग्यो । यी सुविधा नेपाल जस्तो मुलुकमा बस्ने नागरिकले पाउन कति समय कुर्नुपर्ला ? (मधेशदृष्टिका लागि पत्रकार सुरेश यादवले गरेको कुराकानीमा आधारित)



कथा

# अचेल मन्त्रीजी बौलाएका छन्

**नेता रणवीर सिंहकी छोरी थिई– अपर्णा । उमेरमा नन्दूभन्दा जेठी थिई । रुपवती थिई, बैंसालु थिई र रामनगर कृषि विद्यालयमा स्नातक प्रथम वर्षमा पढ्दै थिई । अपर्णाप्रतिको आकर्षणले नन्दूमा क्रान्तिको थप उन्माद थपेको थियो । सत्य त के हो भने, क्रान्तिमा आफ्नो शौर्य देखाएर उनी अपर्णालाई प्रभावित गर्न चाहन्थे । अपर्णाले पनि नन्दूमा के देखी, कुन्नि, उनलाई अंगालोमा लिई पटक–पटक म्वाइ खान्थी र सार्वजनिक रुपमा भन्थी, 'नन्दू इज द लवलिएस्ट च्याप इन द वल्र्ड ।' यो वाक्य सुन्नासाथ नन्दूको शिरमा चार बोतल ब्ल्याक हर्सको नशा चढ्थ्यो । उनी नियंत्रणहीन, पागल हात्तीजस्ता हुन्थे ।**



डा. राजेन्द्र विमल

'राजनीतिको प्रारंभिक इतिहासदेखि आजसम्मको राजनैतिक व्यवस्थाको उथुलपुथुलमा यौनको भूमिका,' र भाषणको निक्र्योल थियो, 'गाँधीदेखि महरासम्मको राजनैतिक जीवनमा जब यौनको यत्रो महत्वपूर्ण भूमिका रहेको छ भने यौन–कर्मलाई स्क्यान्डल बनाएर त्यसको आधारमा कुनै मुलुक वा समाजलाई ठूला महापुरुष, नेता वा अन्य प्रतिभावान व्यक्तिले दिन सक्ने योगदानबाट वंचित गर्नु अनैतिक हो, ऐतिहासिक अपराध हो ।'

'उम्म्.. म्वाँ !..''उम्म्.. म्वाँ !..''उम्म्.. म्वाँ !!..' अ.. प.. र्.. णा.. आइ लभ यू । पाताल, धर्ती र आकाशसम्म यो आवाज गुंजियो.. अ.. प.. र्.. णा.. आइ लभ यू !!'..मन्त्री नन्दन शाहले दुबै हत्केला जोडेर तिनका बीचका आठवटा औंलामा तीन पटक ताता म्वाइ खाए र अंजुलीभरि म्वाइ लिएर गुलाफका पूmलझैं भ्रमकी प्रेमिकातिर फुकेर उडाइदिए । त्यसपछि जोर–जोरले कराए..' ..अपर्णा !...' ..अपर्णा !!...' ..अपर्णा !!! ' मन्त्री पूरा पागल होइनन् । आधीउधी पागल हुन् । आधिउधी, किनभने दिमागमा कहिले टावर आउँछ, कहिले पूरै गोल । पूरै गोल भएको बेलामा उनी श्रीमती, छोरा–छोरी, काम गर्ने केटो, सबैलाई बिनासित्तीमा भकुर्नसम्म भकुर्न थाल्छन् । उनीहरूले कंकला शब्द गरेर रोएको आवाज मेरो झुपडीसम्म पुग्दछ । उनले घरका भाडाकुरा, टी.बी., कम्प्युटर सबै सडकमा हुत्याउन थाल्छन् । दिमागको टावर पूरै गोल हुन अलिक कसर बाँकी रहेको बेला उनी तीनतले घरको बार्दलीमा उभिन्छन् र भाषण ठोक्न थाल्छन् । सडकलाई उनी संसद भवन ठान्छन् र सडकमा उभिएका मानिसहरूलाई सांसदहरू । भाषणका विषय गजफका हुन्छन् । उनको आजको विषय थियो– 'राजनीतिको प्रारंभिक इतिहासदेखि आजसम्मको राजनैतिक व्यवस्थाको उथुलपुथुलमा यौनको भूमिका,' र भाषणको निक्र्योल थियो, 'गाँधीदेखि महरासम्मको राजनैतिक जीवनमा जब यौनको यत्रो महत्वपूर्ण भूमिका रहेको छ भने यौन–कर्मलाई स्क्यान्डल बनाएर त्यसको आधारमा कुनै मुलुक वा समाजलाई ठूला महापुरुष, नेता वा अन्य प्रतिभावान व्यक्तिले दिन सक्ने योगदानबाट वंचित गर्नु अनैतिक हो, ऐतिहासिक अपराध हो ।' भाषणको अन्त्यमा उनले सडकमा उभिएका मानिसहरूसित प्रश्न गरे, 'कसैको केही बिगार नगरी यदि कसैले रक्सी र सेक्सको आनन्द लिन्छ भने के यसलाई अपराध भन्न मिल्छ ?.. यो डाहा हो, बुझ्नु भो, आफूले भोग्न नपाएको सुख अरुले भोग्न पाएकोमा ईष्र्या हो ।'.... नन्दू, अर्थात् मन्त्री नन्दराम तेलीले फेरि थपे, 'साथीहरू हो ! .. पढाइ–लेखाइ छाड, कुनै राजनैतिक पार्टी ज्वाइन गर, पार्टीभित्रको एउटा शक्तिशाली गिरोहको अगुवालाई धर्मपिता बनाऊ .. तिमीले राज गर्ने छौ । होइन भने तिम्रो जीवन कुकुरको जीवनभन्दा बढी केही हुने छैन ।' सबैले थपड़ी बजाए । मन्त्री नन्दन शाह रोष्ट्रमबाट सिटमा अर्थात् कोठामा फर्किए ; तर तीला भाउजूले अलिक बल–प्रयोग गर्नुप¥यो । नन्दू तेली मेरा छिमेकी मात्र होइनन्, मेरा सहपाठी पनि हुन् । हामीले 'चौरी'–मा संगसंगै भैंसी चराएका हौं । भैंसी चराउँदा भैंसीको पिठ्युँमा सुतेर नन्दूले गाएको गीत अझै सम्झिन्छु म, 'हेलल हेलल महिंसिया पानीमे...' । केटाकेटी छँदा गुरुहरूलाई तेलमालिस गर्ने नन्दू, गाउँका डुमलाई पनि काका वा दादा भनी सम्बोधित गर्ने नन्दू, जामुनाका ठुल्ठूला रुखका टुप्पा–टुप्पासम्म पुगी काला–काला जामुना खाएर कालो–निलो जिब्रो देखाउने नन्दू, गाउँका पोखरीहरूमा दिन दिनभरि पौडी खेलेर ज्वरोले आँखा लालगेडीजस्ता राता–राता पारी घर फर्किने र पिता हरेराम तेलीका लात खाने नन्दू, एक दिन मन्त्री होला भन्ने कसले कल्पना गरेको थियो ? सामान्यतया नन्दू सबैका प्रिय थिए, आँखामा राखे पनि नबिझाउने । तर, स्कुलमा कुटाइ नै नखाने चाहिं होइनन् । गाउँको बीचमा एउटा झ्याम्म परेको नीमको रुख थियो । त्यस रुखमुनि एउटा भारतीय गुरुजीले हातमा छडी लिएर स–साना बच्चाहरूलाई पढाउँथे– 'दुई एकान दुई, दुई दुनी चार.. ।' हामी पनि बोरा, काठे पाटी र खली लिएर त्यहाँ पढ्न जान्थ्यौं । गुरुजीका आँखा बल्ढ्याङ्ग्रा थिए, त्यसैले गाउँलेहरूले 'बलढ्याङ्ग्रे गुरुजी' भनेर उनको नयाँ न्वारान गरेका थिए । एक दिन कुर्सीमा बस्न लाग्दा कुर्सीको पौवा खुकुलो हुनाले बलढ्याङ्ग्रे गुरुजी उत्तानो पल्टिनुभएछ र धोती माथि उचालिएछ । गुरुजीको दुर्वासा–आतंकले आतंकित चेलाहरूले केही नबोले पनि मुख हत्केलाले थिची खितितिती हाँसेका मात्र थिए, तर नन्दूले थाम्न नसकी ताली पिट्न थाले, 'देखिहालें... देखियो.. गुरुजीको देखियो.. ।' सोझो नन्दू तेलीले धेरै कुटाइ खाएका थिए, त्यो दिन ।नीमको रुखदेखि अलिक पर एउटा हर्फरिबडीको रुख थियो । त्यहाँ एउटा दारीवाल मौलबी बाख्रा चराउन आउँथे । एक दिन मौलबी इस्लामी टोपी लगाएर बींडीको धूँवा बुङ्बुङती उडाउँदै बाख्रा चराउँदै थिए । नन्दूलाई कुन्नि, के सुर चल्यो, बाख्रालाई देखेर जोरले नग्वपुरे पाराले कराए, 'अल्ला–अल्ला.. ले, ले,.. अल्ला.. ।' मोरो नन्दूले 'र' बोल्दा 'ल' निस्किन्छ भन्ने कुरा कुप्रे मौलबीलाई के थाहा ? उनले प्रष्ट सुने, 'अल्लाऽऽ.. अल्लाऽऽ.. ले, ले.. अल्लाऽऽ.. ।' दारीवाल कुप्रे मौलबीलाई झनक्क रिस उठ्यो, 'मलाई 'अल्ला–अल्ला' भनी गिज्याउने ? उनी जुरुक्क उठे, दौडेर नन्दूलाई च्याप्प समाए । कन्सिरीबाट आगोको झिलिङ्गो निस्किने गरी चार झापट ड्याम्म–ड्याम्म हिर्काइहाले । बिचरो नन्दूले केही बुझ्न सकेनन् । हत्तपत्त बूढोलाई ढोगे । घर फर्कियो । रुन पनि सकेनन् । मात्र गाला सुमसुम्याइरहे ।पाँचौं कक्षासम्म नन्दू कक्षामा प्रथम आउँथे । सबैले भन्थे, 'उसको बाबु हरेराम तेली स्कुलका सेक्रेटरी हुन्, त्यसैले ऊ फस्ट आउँछ ।' तर, रामरती देवी स्कुलबाट उत्तीर्ण भएर जब उनले सनसाइन माध्यमिक विद्यालयमा भर्ना लिए, उनी सामान्यभन्दा अलिक राम्रो छात्र मात्र सिद्ध भए । उनको संगत कौशल, रामचन्द्र, बौआलालजस्ता आवारा किशोरहरूसित भयो ।



जामुनाका रुखका टुप्पामा चढ्ने र पोखरीहरूमा पौडी खेल्नेजस्ता उनको बानी यसै बेला यिनै आवाराहरूको संगतमा आएको हो । केटाकेटीमा कसैले उनलाई 'पढेर के बन्छौ बाबु ?' भनेर सोध्दा उनले गर्वसाथ भन्थे 'छाइन्तिस' अर्थात् 'साइन्टिस्ट' । डा. हरेराम तेलीको छाती छप्पन इन्चको हुन्थ्यो, फुलेर । अब त्यो खुम्चिंदै गएको छ । कौशल नौ कक्षामा पढ्थ्यो, चार वर्षदेखि । सधैं फेल हुन्थ्यो । तर एक हुल विद्यार्थीहरूको हिरो थियो । ऊ क्रिकेट राम्रो खेल्थ्यो । ऊ गीत राम्रो गाउँथ्यो । माउथ अर्गन राम्रो बजाउँथ्यो । नाच्न जान्दथ्यो । ने. वि. संघको सदस्य थियो; चाहेको बेला स्कुलमा हडताल गराउन सक्थ्यो । रामचन्द्र र बौआ लालले उसको चाकरी गर्थे, स्कुलको फिस माफी गराउन । केही केटीहरू पनि उसको नजिक पर्न हुरुक्कै हुन्थे । कौशल चटके थियो । बींडी सल्काएर सल्केको भाग मुखमा हाल्थ्यो र नाकबाट सुर्र धूँवा निकाल्न सक्थ्यो । गाँजा र भाँङ पचाउन सक्थ्यो । ठाडो घाँटी लाएर दारुको बोतल रित्याउन सक्थ्यो । सावित्री भन्ने एकजना केटीले उसलाई रुखको टुप्पामा फलेर पहेंलो भई पाकेको आँप टिपेर ल्याइदिन लाडिएर भनी । रुख अग्लो थियो । ऊ टुप्पोसम्म पुग्यो । रुखमुनि रमिता हेर्ने विद्यार्थीहरू घुँइचो लागे । कौशल टुप्पामा रहेको एउटा पातलो नपातलो हाँगामा उभियो, नाच्न र ताली बजाउन थाल्यो । केटीहरूले ताली बजाए । त्यो झन् रौसियो । झन् मच्चिएर नाच्न थाल्यो । तल उभिएका लगभग पचास जना विद्यार्थीले पटटट ताली पड्काए । तर दुर्भाग्य ।.. एकै छिनमा कौशल हाँगा सहित भुइँमा गल्र्यामगुर्लुम लड्यो । करङ, पिंडौला र पिठ्युँ गरी सात ठाउँमा हाड पिटिक्क–पिटिक्क भाँचिएर टुक्रा–टुक्रा भए। तीन महिना जत्ति अस्पतालमा प्लास्टर लगाएर अइया–आत्था गर्दै, ठसठसी कनिरह्यो । तै पनि स्कुलका राम्रा–राम्रा केटीहरूले हेर्न आउँदा, उसलाई छाम्दा, सुमसुम्याउँदा उसलाई स्वर्गानुभूति र गर्व हुन्थ्यो ।बाह्र वर्षको नन्दू चटके कौशलको चुम्बकीय व्यक्तित्वले तानियो ।

अब उनी ने.वि, संघका बैठकहरूमा जान थाले । पढाइ छुट्यो । साइन्टिस्ट हुने सपना चकनाचुर भयो । देशमा प्रजातन्त्र ल्याउने सपनाको ताना–बाना बुनि रहन्थे उनी । नौ कक्षामा पुग्दा प्रत्येक विषयमा उनी अनुत्तीर्ण हुने अवस्थामा आए । तर, उनको बाबु डा. हरेराम तेलीको पुर्पुरोको अभिलेख ! यसै वर्ष लौहपुरुष गणेशमान सिंहको नेतृत्वमा लोकतान्त्रिक जन–आन्दोलन थालियो । क्रान्तिमा होमिने सप्तरीका विद्यार्थीहरूको नेतृत्व कंचनपुर गाउँको रणवीर सिंहले गथ्र्यो । नन्दूलाई पनि नेपाली कांग्रेसको झण्डा बोकेर जुलुसको अगाडि–अगाडि हिंड्न लगाइन्थ्यो । विद्यार्थीहरूको जमात लिएर उनी प्रहरीहरूको समूहलाई ताकी ढुङ्गा–मुढा गर्न थाले, पसलका सटरहरू बन्द गराउन थाले । बसदेखि साना वाहनमा आगजनी र तोडफोड गर्थे । रणवीर सिंहले यी क्रान्तिकारी विद्यार्थीहरूलाई मासु–चखनादेखि ड्रगसम्म उपलब्ध गराउँथ्यो । भाला–बर्छाले तिनलाई लैस गथ्र्यो र क्रान्तिमा होम्थ्यो । क्रान्तिकारी भाषणले उत्तेजित पारेर । उसले नन्दूलाई कुन्नि कुन ड्रग, कुन मात्रामा दिन्थ्यो, नन्दू मर्न–मार्न पागल हुन्थे । उनमा सय सिंहको बल आउँथ्यो र उनी राजाको सेनामाथि आक्रमण गर्न हुंकार गर्न थाल्थे । ठाउँ–ठाउँमा हात–हतियारले लैस पुलिस र सेनाको टुकडीलाई देख्नासाथ उनी कम्मरमा बेरेको नेपाली कांग्रेसको झन्डा झिक्थे र हातमा लिई हावामा लहराउन थाल्थे– 'नेपाली कांग्रेस–जिन्दाबाद, राजा वीरेन्द्र–मुर्दावाद !' नेता रणवीर सिंहकी छोरी थिई– अपर्णा । उमेरमा नन्दूभन्दा जेठी थिई । रुपवती थिई, बैंसालु थिई र रामनगर कृषि विद्यालयमा स्नातक प्रथम वर्षमा पढ्दै थिई । अपर्णाप्रतिको आकर्षणले नन्दूमा क्रान्तिको थप उन्माद थपेको थियो । सत्य त के हो भने, क्रान्तिमा आफ्नो शौर्य देखाएर उनी अपर्णालाई प्रभावित गर्न चाहन्थे । अपर्णाले पनि नन्दूमा के देखी, कुन्नि, उनलाई अंगालोमा लिई पटक–पटक म्वाइ खान्थी र सार्वजनिक रुपमा भन्थी, 'नन्दू इज द लवलिएस्ट च्याप इन द वल्र्ड ।' यो वाक्य सुन्नासाथ नन्दूको शिरमा चार बोतल ब्ल्याक हर्सको नशा चढ्थ्यो । उनी नियंत्रणहीन, पागल हात्तीजस्ता हुन्थे । अपर्णाका पिता रणवीर सिंहले क्रान्तिकारी विद्यार्थीहरूलाई समूह–समूहमा विभक्त गरे । तिनका लागि प्रदर्शन गर्ने कामको नाम, स्थान र समूहनायक तोके । नायकलाई कप्तान भनियो र फरक–फरक सूचीहरूको माथि उनको नाउँको अंग्रेजी संक्षेप लेखियो । अब 'स'–समूहमा प¥यो नन्दू तेली । उसले पाएको नामावली–सूचीको माथि लेखियो– 'कप्तान– एन.टी. ।' एन. टी. भनेको नन्दू तेली नभई नर्मदेश्वर थापा थियो । समूहका सबै सदस्यलाई एक–एकवटा टिनको सिठी, पार्टीको एउटा झन्डा र समूहको नामावली थमाइन्थ्यो । नन्दूको समूहले मेन रोडमा मशाल जुलुस निकाल्ने जिम्मेवारी पायो । जुलुस दुई सय गज अगाडि के गएको होला, अकस्मात् पुगेको सेनाको बख्तरबन्द गाडीबाट उत्रिएर सेनाले केटा र केटीलाई जथाभावी कुट्न थाले । लगभग सबै भाग्न सफल भए । महान् क्रान्तिकरी नन्दू तेलीलाई अपर्णाले विजय–तिलक लगाएर पठाएकी थिई, कसरी भाग्थे ! नन्दूको तलासी लिइयो, उसको कमेचमुनिबाट चारतारे झन्डा निस्कियो ।

युवा क्रान्तिकारी समूहको त्यो नामावली निस्कियो, जसको टुप्पोमा लेखिएको थियो, कप्तान एन. टी. । सेनाको प्रमुखले अर्थ बुझ्यो, कप्तान नन्दू तेली । बुटैबुटले उनको जीउलाई रक्ताम्मे पारियो । उनलाई गाडीमा शवझैं लादियो र त्यस शवजस्ता नाबालकमाथि ती बुटधारी राक्षस सैनिकहरू क्रूरतापूर्वक उभिए । सात दिनपछि नन्दू नाबालक रहेको आधारमा मुक्त भए । उनले टाउको हल्लाउँदा धेरै दिनसम्म उनको खप्परभित्रबाट गिलासमा गुच्चा हालेर हल्लाउँदा निस्किने आवाजजस्तो आवाज निस्किन्थ्यो । उनको अवस्था देखेर डा. हरेराम धेरै रुन्थे । आमा पटक–पटक बेहोस हुन्थिन् । तर, नन्दू के मान्थ्यो ! सेनाको क्याम्पबाट मुक्त गरिएपछि उनलाई हेर्न आएकी अपर्णाले उनको जीउभरि म्वाइ खाई । ऊ तङ्ग्रियो । फेरि आन्दोलनमा फर्कियो । डा. हरेराम र उनकी श्रीमती रेखा देवीले रेडियोबाट सुने, नन्दू फेरि पक्राउ परे । उनलाई पुलिसले घिसार्दै लगे रे । उनले सात दिनदेखि केही खाएको थिएन रे । कसैले भन्थ्यो, सेनाले बन्दूकका नालीले कुट्ता–कुट्ता उनी रगत छादेर मारे । अर्कोले भन्थ्यो, उनको टाउको मात्रै चरीकोटको जंगलमा फेला पर्‍यो अरे ।थरीथरीका कुरा

बाँकी पृष्ठ (ग) मा

व्यक्तित्व

# राजेश्वर नेपालीः एक महान् दीपक



• सञ्जय साह मित्र



*‘स्वाभिमानी कहीं भागता नहीं*
***स्वाभिमानी***
***कभी किसी से डरता नहीं***
***एक स्वाभिमानी लाख से***
***उपर का होता है***
***अतः हम स्वाभिमानी बनकर***
***देश और समाजको उठाबें***
***मानवताको आगे बढाबें ।’***

वाणी र जीवनशैलीदुवैमा एक रुपताआउन सके विद्वानवाबुद्धिमान मानिस महान् बन्न सक्छन् । त्यसै त हामीमाथिआरोप रहेको छ किगरिबहरु बढी दार्शनिक हुन्छन् । दार्शनिकहुने होइन, दार्शनिक कुरो निकाल्छन् भन्नखोजेको हो । केहीगर्नुपर्दैन वाकुनै कुरोलाई प्रमाणित गर्नुपर्दैन । जे मन लाग्यो र जसरी मन लाग्यो व्याख्यागरिदिन सजिलो छ । तथ्यएकातिर र विश्लेषणअर्कोतिर गरिदिँदापनिप्रत्युत्तर दिने कोहीहुँदैनन् । मौनलाई स्वीकृतिको लक्षण पनिमानिएको छ शास्त्रमा । यद्यपिवर्तमानमामौनलाई स्वीकृतिको लक्षण मान्नविद्रोहको अभावहुनुपर्ने मानिन्छ । साहित्यकार तथापत्रकार राजेश्वर नेपालीआफैँमा एक दार्शनिकव्यक्तित्व र आन्दोलनहुन् भन्ने कुरा अनेक तथ्यले प्रकाशित गरेका छन्, प्रमाणित गरेका छन् । ‘स्वाभिमानीकहीं भागतानहींस्वाभिमानीकभीकिसी से डरतानहींएक स्वाभिमानीलाख से उपर काहोता हैअतःहम स्वाभिमानीबनकरदेशऔर समाजको उठाबेंमानवताको आगे बढाबें ।’राजेश्वर नेपालीको ‘स्वाभिमान’शीर्षक हिन्दीकविताको अन्तिममायहीआएको छ । देश विदेशकाविभिन्न स्वाभिमानीमहान् व्यक्तित्वहरुको दृष्टान्त दिएर कवि नेपालीले स्वाभिमान र राष्ट्रियतालाईदर्शनको माध्यमले बुझाउने काम गरेका छन्, त्यसरी आफ्नो जीवनमापनिलागू गरेका छन् । नेपालीलाई सामान्य रुपमाचिन्ने जस कसैले स्वाभिमानीव्यक्तित्वको उदाहरण दिन्थे र दिन्छन् पनि । नेपालीको जीवन र व्यवहार आफैँमा स्वाभिमानको स्तम्भथियो ।जीवितइन्साइक्लोपिडिया भनेर चिनिएका राजेश्वर नेपालीलाई नेपालीपत्रकारिताको जिउँदो इतिहास भनिन्थ्यो । नेपालीपत्रकारितामादिएको योगदानको सम्मानगर्दै नेपालीलाई नेपालीपत्रकारिताको भीष्मपितामहसमेत भनिथ्यो । नेपालीपत्रकारिताकाशिखर पुरुषतथा नेपालीपत्रकारिताकाअनन्य साधकआदि विशिष्ट उपाधिले सर्वसाधारणबाट विभूषित राजेश्वर नेपालीलाई देशभक्तपत्रकारको उपनामपनिदिइएको थियो । विवेकले दिएको निर्णयमाएक्लै हिँड्नुपर्दा पनिकहिल्यै नथाक्ने र कहिल्यै नझुक्ने आधार स्तम्भबनेर नेपाली हिँडिरहे ।पत्रकारितातथा साहित्य क्षेत्रमा सुविख्यात राजेश्वर नेपालीबहुभाषिकतथाबहुमुखीप्रतिभाकाधनीव्यक्तित्वहुन् । सादाजीवन र उच्चविचार उनको जीवनादर्श थियो । नेपाली राजनीति र साहित्य क्षेत्रका यस्ता कमै व्यक्तित्वथिएजसले प्रसिद्ध शान्तिवादी राजनेतामहात्मागान्धीलाई भेटेकाथिए । नेपालीउनै गान्धीलाई भेट्ने दुर्लभ सर्जकहरुमध्ये एक थिए । सम्भवतःगान्धीकै प्रभाव हुनुपर्छ – नेपाली सादाजीवन र उच्चविचार लिएर आजीवन हिँडिरहे । पहिरन, वाणी, रहनसहनतथा दैनिकी सबैमाजुनओज थियो, त्यो आफैँमा एक दुर्लभ दृष्टान्त थियो । आजीवन देशको स्वाभिमानतथाप्रजातन्त्रअर्थात् स्वतन्त्रताकालागिआवाज उठाउने ऐतिहासिकव्यक्तित्व नेपालीको ऊर्जाको स्रोत स्वाभिमान नै थियो । यसैले उनले सँगसँगै पक्राउ परेका तर वेपत्तापारिएकाहरुबारे लेखिरहे, सहिदबनाइएकाहरुबारे लेखिरहे । आवाज उठाइरहे । यस्ता स्वाभिमानी, प्रजातन्त्र सेनानीहरुको वाङमुखबनिरहे ।आफैँमा स्वाभिमानी नेपाली धेरै साहित्यकार तथापत्रकारकानिम्तिपनि स्वाभिमानथिए । जसको नामोच्चारणले स्वाभाविक रुपमा स्वाभिमानको अभ्यन्तर शिर गर्वले उँचो हुन्थ्यो । जसले आफ्नो स्वाभिमानलाई झुक्नदिएनन् । देशको स्वतन्त्रता, प्रजातन्त्र र नागरिक अधिकारकालागिआवाज उठाइरहे । यहीक्रममा कैयौँपटक पक्राउ परे । जब कसैले कुनै सञ्चार माध्यममा, जनकपुरका मिडियामा, प्रजातन्त्र र मानवअधिकारकापक्षमा कडा आवाज उठाउँथे तब सबैभन्दापहिले राज्यको वक्रदृष्टि नेपालीमाथि पर्दथ्यो । तीनदर्जनभन्दा बढीपटकपक्राउ पर्नु र जेल जानुले स्वाभिमानको त्यस पाटोलाई पुष्टि गर्दछ, जसले उनको आस्थालाई झुक्नदिएन । आफ्नो आस्थाप्रति चट्टान झैं अडिग नेपालीले प्रजातान्त्रिकविचारकालागि धेरै थोक दिएर गएका छन् ।हिन्दी, नेपाली र मैथिलीभाषामानिरन्तर कलमचलाउने दार्शनिकविचारले ओतप्रोत नेपालीमातृभाषामाशिक्षाकापक्षधर थिए । मातृभाषामाबालबालिकालाई शिक्षा दिनुपर्छ भन्ने विचार आफ्नाकाव्यहरुमापनि राखेका छन् । विचारलाई कहिल्यै बन्धकी नराखिकन स्वाभिमानी साहित्यसिर्जनागर्ने नेपालीको प्रतिभाको प्रकाश स्वदेशदेखि विदेशसम्म फैलिएको थियो र छ पनि । नेपालीले नेपालकाविभिन्न प्रतिष्ठित सम्मानतथा पुरस्काररूदेखि विदेशसम्मका पुरस्कार तथा सम्मानहरु प्राप्त गरेकाथिए । त्यस्ता पुरस्कार र सम्मानहरु आफैँमा पुरस्कृत र सम्मानितभएका छन् । पुरस्कार र सम्मानहरुले नेपालीको सम्मान बढाउनुका साथै आफ्नै पनि सम्मान बढाएका छन् । नेपालीले भारतदेखि अमेरिकासम्मका पुरस्कार तथा सम्मानहरु ग्रहण गरेर तिनीहरुको ओज बढाएका थिए । विक्रमाब्द २०१८ देखिपत्रकारितामालागेका नेपालीमापत्रकारिता क्षेत्रकै विभिन्नव्यक्तित्वको संगम रहेको थियो । सम्वाददाता, स्तम्भकार, सम्पादकतथाप्रकाशकआदिपत्रकारिताका सबैजसो मूलपदलाई सुशोभित तुल्याएका नेपालीले नेपाली, हिन्दीतथा मैथिलीतिनओटै भाषाकापत्रकारितामाआफ्नो नाम स्वर्णाक्षरले लेखाउन सफलभएका छन् ।आजको परिवेशमाजहाँपत्रकारितामापनिविभिन्नविकृतिहरु भित्रिइसकेका छन्, नेपालीले पत्रकारिताबाट अर्थोपार्जन गर्नु कताकता, पत्रिकालाई समाचार पठाउन अर्थाभाव भएपछि आफ्नो जमिन नै बेचेकाथिए । यस किसिमको अत्यन्तदुर्लभ निष्ठाका धनीपत्रकारिताकानिष्काम योद्धा थिए ।नेपालमाहिन्दीभाषाको पत्रकारितालाई निरन्तर अगाडि बढाउनेमा नेपालीको नामअग्रपंक्तिमा रहेको छ । यसको अर्थ यो कदापिहोइनकि नेपालीतथा मैथिलीभाषाको पत्रकारितामा नेपालीको योगदानकम रहेको छ ।भाषालाई अभिव्यक्तिको माध्यममात्रै नेपालीले पत्रकारिता र साहित्यमाआफ्नो अभिव्यक्तिलाई जसरी सहजनिकास दिन ठाने, त्यसै भाषामा लेखे र लेख्दै गए । निष्कामकर्म र कर्मप्रतिको निष्ठाले आफ्नो परिचयबनाएका नेपाली सांस्कृतिक, सामाजिक, शैक्षिक, भाषिक, साहित्यिकतथा सांगठनिक सबै क्षेत्रकाकर्मशीलउदाहरणीय पुरुषथिए । धेरैलाई जानकारी नहोला, नेपालीले विद्यालय, क्लबतथा पुस्तकालयको स्थापनासमेत गर्नुभएको छ । सम्भवतः नेपालमाप्रथमहिन्दी सम्मेलनगर्ने प्रथमव्यक्तित्वसमेत नेपालीथिए । हरेक वर्ष हिन्दी सम्मेलन गरेर नेपालको हिन्दी साहित्यको अवस्थाको यथार्थ उद्बोधनगर्ने नेपालीले नेपालकाहिन्दी साहित्यमा योगदान पु¥याउने व्यक्तित्वलाई सम्मानितपनिगर्दै आएकाथिए । अब सम्भवतः नेपालको हिन्दी साहित्यमा नेपालीको अभाव महसुस हुन्छ ।एकपटक प्रेस काउन्सिल नेपालको सदस्यमामनोनीतसमेत भएका नेपालीकोएकातिर देशभक्तपत्रकार तथा साहित्यकार मानिन्छ भने अर्कोतिर क्रान्तिकारी पत्रकार पनिमानिएको छ । महात्मागान्धीको सिद्धान्तलाई लिएर आजीवन संघर्ष गर्ने र राष्ट्रियताको भावनाले ओतप्रोत भएकै कारण वैचारिक रुपले महात्मागान्धीको नजिकभएपनिनिरन्तर संघर्षमाथिए । हुन त पत्रकारितालाई स्थायीप्रतिपक्षभन्ने गरिन्छ, नेपालीको पत्रकारिताजीवनलाई देख्दा यो प्रमाणित पनिहुन आउँछ । कहिल्यै बम र बन्दुकमा भरोसानगर्ने नेपाली समानताकापक्षधर तथा अखण्ड नेपालवादीथिए । कानु जातका नेपालीले आफ्नो थर साहलाई विद्यार्थी जीवनमै परित्याग गरेर समानतातथा सहअस्तित्वदर्शाउने नेपाली नै आफ्नो नामको पछाडि पहिचानकै रुपमा स्थापित गरे । सिंगो पत्रकारिताकागौरव राजेश्वर नेपालीजीवनको पछिल्लो चरणमा शरीरले ओछ्यान छोड्न नसके पनि, वाणीले राम्ररी साथनदिएपनि र विचारको प्रवाहगर्न कतिपयअवस्थामाऔलाले अवरोध गरे पनिअनुहारमाउहीआभा, उहीगौरव र उही स्वाभिमानका साथअभिव्यक्तिदिन्थे । नेपालीको छेउमाउभिएर वा बसेर उनीसितअल्प सम्वादगर्दा उनीप्रतिश्रद्धाले शिर निहुरिएको हुन्थ्यो भने उनलाई नजिकमापाएर गर्वले शिर उँचो हुन्थ्यो, छाती फराकिलो हुन्थ्यो । निकट पुगेर कुनै तीर्थवाधाममा अभीष्ट देवताको दर्शन गर्नुसरह हुन्थ्यो, आशीर्वाद प्राप्त गरेको बराबर हुन्थ्यो । धेरैकालागि नेपालीआस्थाका सर्वोच्चशिखर थिए । धेरै विद्वानतथावरिष्ठ पत्रकारकालागि नेपाली सच्चा गुरु थिए ।कीर्ति र स्मृतिशेष नेपालीप्रतिउच्च सम्मान रहेको छ । एक आदर्शवान् तथाप्रतिभावान् महान् व्यक्तित्वको शरीरले विश्रामलिएको भएपनिउनको विचारले भने अमरत्वप्राप्त गरेको छ । दर्शनको क्षेत्रमाभन्ने गरिन्छ – मानिसको वास्तविकमूल्यांकनचिहानमा हुन्छ । मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले सामाजिक सञ्जालमाश्रद्धाञ्जलि प्रकट गर्दै लेखेका छन् – पत्रकारिता क्षेत्रको जिउँदो इतिहासको रुपमाचिनिने स्वतन्त्रता सेनानीतथावरिष्ठ पत्रकार राजेश्वर नेपालीको निधनले नेपालीपत्रकारिता जगत र इतिहासको पानामाउहाँको अभाव सधैँ खड्किरहनेछ ।मेरा पनि परम आदरणीय नेपालीको चरणस्पर्श गर्ने अवसर धेरैपटक प्राप्त गरेको छु । उहाँप्रतिहार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उहाँकाअधुरा सपना पूरा हुने विश्वास गर्दछु । र, अन्तमायतिभन्न मन लागेको छ – भाषा, साहित्यतथापत्रकारिताका एक महान् दीपक राजेश्वर नेपालीको प्रकाशकहिल्यै निभ्ने छैन ।

पृष्ठ (ख) को बाँकी

## अचेल मन्त्रीजी बौलाएका........................................

सुनेर हरेराम दम्पत्तीको सातो जान्थ्यो । भोक थिएन, निद्रा थिएन । कसैको पदध्वनि सुनियो कि दुबै कुदिहाल्थे, छोरो आयो कि भनेर । एक दिन कसैले सुनायो, आर्मीका मान्छेले सात जना क्रान्तिकारीलाई कमला किनारमा खाल्डो खनी पुरिदिए । त्यसै दिन डा. हरेरामलाई हृदयाघात भयो । आमाको नाकका दुबै पोराबाट रगतको धार निस्किए । झन्डै ब्रेन ह्यामरेज भएन । जब देशमा बहुदलीय लोकतन्त्रको घोषणा भयो, झ्यालखानाका ढोकामा बन्द राजनैतिक कैदीहरूले मुक्त वायुमण्डलमा साँस फेर्न पाए । नन्दू तेलीको स्वागतको भव्य तैयारी थियो सप्तरीमा । उनको अबिर जात्रा गरियो । उनलाई मालाको थुप्रोमा पुरियो । तर, उनको पितालाई फर्काउन सकिएन । आमाको अवस्था पनि चिन्ताजनक थियो ।  सप्तरीमा दलको कुनै राष्ट्रिय कार्यक्रम हुँदा पार्टीका शीर्ष नेताहरू– गिरिजा बाबू, किसुन जी, गणेशमान सिंहको पदार्पण हुन्थ्यो । सबैले नन्दूको काँधमा हात हाल्थे । सबैले पिठ्युँमा धाप मार्थे ।जनताले देख्ने गरी ।रणवीर सिंह र अपर्णा सधैं उनलाई छायाँझैं पछ्याउँथे ।सबैले भन्थे, अब यस पालि संसदीय चुनाउमा नन्दूले कांग्रेसको टिकट पाउने   भए । तर, जातिवाद, सम्प्रदायवाद, नातावाद, कृपावाद, गिरोहवाद जस्ता फलामे साङ्लामा जेलिएका कथित लोकतान्त्रिक पार्टीहरूभित्रका घोर अलोकतान्त्रिक संस्कारको विद्रूपता जब टिकट वितरण र मनोनयनमा प्रकट हुन थाल्यो, उनको धैर्यको बाँध भत्किन थाल्यो । उनले कतै कुनै स्थान पाएनन् । उनी निराश हँुदै गए । फेरि, सिङ्गो मधेस कथित अधिकारवादी क्रान्तिको महाज्वालामा जल्न थाल्यो । थरी–थरीका अधिकारका माँग उठे । एउटा राष्ट्रध्वंशक संस्कृतिको विकास देशमा हुन थाल्यो– पहाडेलाई गाली गरे मुख्यमन्त्रीसम्म हुन सक्ने, मधेसेलाई गाली गरे प्रधानमंत्रीसम्म हुन सक्ने संभावनाको मनोविकास भयो । उनले पनि पहाडेहरूको घरमा ढुङ्गा फाले, चिच्याई–चिच्याई गाली गरे । कथितमधेसवादी पार्टीका महान् नेता आजाद मधेस दलका माननीय अध्यक्ष सुखीलाल यादवको टाउकोमा पुलिसले लट्ठी हान्दा सुखीलाल बेहोस भएको थियो । उसको खप्पर फुटेको थियो ।

विराटनगरको न्युरो अस्पतालमा एक्काईस दिनसम्म उसको उपचार भयो । यस एक्काईस दिनसम्म नन्दू तेलीले सुखीलाल यादवको त्यत्ति सेवा गरे, जति हनुमानले रामजीको सेवा पूरै जीवनमा गरेन होला । त्यसमाथि उनले गैरी खेत बेचेर एक करोड पार्टीलाई चन्दा पनि दिए । फलतः वरदान पनि पाए । जब बारबुँदे समझौतापछि गठबन्धन सरकार बन्यो, नन्दूले खाद्यान्न तथा कृषि मन्त्री बनेर राजनैतिक मोक्ष पाए ।जुन दिन उनले मन्त्री पदको शपथ लिए, आन्दोलनको बेला पुलिसको हातबाट खोसेको बन्दूक लिएर चउरमा गए र एक सय एक हवाइ फायर गरे । अलि–अलि त त्यसै बेला सन्किएका हुन् नन्दू । उनले कल्पनै गरेको थिएन उनको अगाडि–पछाडि कुनै दिन चिल्ला कारहरूको लस्कर कुद्ने छ, विहान–विहानै सेनाले उनलाई सलामी दिने छ, उसको एउटा झझल्को पाउन भीडमा आएका जनता आपसमा तछाड–मछाड गर्ने छन् । उनको खुट्टा भुइँमा थिएन । उनले अब घन्टौं भाषण ठोक्न सक्थे, टी. बी. मा चामत्कारिक रुपमा राजनैतिक विश्लेषण गर्न सक्थे । नन्दू तेली हिरो । उनले देशभरिका खाद्यान्न गोदाम र ठुल्ठूला होटल र मिठाइ पसलहरूमा छापा मार्न लगाए । मिलावट विरुद्धका कठोर कानुनहरूको कठोरतापूर्वक पालन गर्न लगाए । मिलावट गर्नेहरू सिधा जेल पुगे । कालाबजारियाहरू बोराका बोरा नोट  उनको दैलोमा बर्साउन थाले । मन्त्री तेलीले नेपालको इतिहासमा पहिलो पटक कृषि बीमा लागु गरे । कृषकहरूले जयजयकार गरे । कृषक र कृषि विशेषज्ञहरूका लागि उनको ढोका सदा खुल्ला थियो । नेपाल कृषि अनुसन्धान केन्द्रको पहिलो बैठकमै पुग्दा डाइरेक्टरको पदमा अपर्णालाई देखेर उनी आश्चर्यचकित भए । दुबैको सम्पर्कमा प्रगाढता अझ बढ्न गयो । अपर्णाका पति राजकमल खड्का पुनरावेदन अदालतमा अधिवक्ता रहेछन् । पति यौन दुर्वलताका शिकार भएको हुनाले अपर्णाको हृदय मातृत्व–सुखका लागि हाहाकार गरिरहन्थ्यो । अब संभवतः उसको नारीत्वले नया अर्थ ग्रहण गर्ने आशापूर्ण संभावना जागेको थियो । अपर्णाभन्दा कनिष्ठ कर्मचारीले माओवादी सरकारको पालोमा बढुवा पाएको थियो । त्यो प्रतिशोधको ज्वाला पनि ऊभित्र थियो । अब ऊ सजिलै सह–सचिव हुन सक्थी । त्यसैले दिन दहाडै ऊ नन्दूको मन्त्रालय जान्थी र मिटिङको निहुँले मन्त्रालयभित्रै नन्दूसित रोमान्स गर्थी । नन्दू नारीदेहमा पल्किंदै गयो, अपर्णाको उत्तेजना पाएर ।

अपर्णाकै सिफारिशमा रीता नाउँ गरेकी एउटी युवती उसको जालमा फँस्न पुगी । रीताका पिता र अपर्णाका पति पुनरावेदनमै साथी रहेछन् । मन्त्री नन्दू तेलीसित एउटा भद्र समझौता के भयो भने, नन्दूले रीतालाई आफ्नो मंत्रालयमा अधिकृत स्तरको जागिर दिने छ र त्यसको साटो रीतालाई लिएर मन्त्री महिनामा दुई पटकसम्म नगरकोट वा चन्द्रागिरिमा संगै दिन बिताउन पाउनेछन् । निहुँ मंत्रालयमा त्यही मिटिङको हुनेछ । नन्दूले देह–भोग रीतासंग जति गरे पनि उसको आत्मिक प्रेम अपर्णासितै थियो । एक पटक मंत्रीले रीतालाई एउटा अन्तर्राष्ट्रिय कृषि सम्मेलनमा भाग लिन हङकङ संगै लगे । त्यहाँ केही भयो, कि त्यहाँ मन्त्रीसंगै गएको मुद्दालाई लिएर घरमा सधैं चर्किने कलह चरम विन्दुमा पुगेर हो कि, त्यहाँबाट फर्किएको सात दिनभित्रै रीता होइन, रीताको लाश गुह्येश्वरीको जंगलमा एउटा सल्लाको रुखमा झुन्डिएको पाइयो । ऊ एक दिन पहिले पशुपति दर्शनका लागि गएकी थिई । चारैतिरबाट आरोपको बौछार नन्दूमाथि हुन थालेको थियो । नन्दू जुन पार्टीको सदस्य बनाइएको थियो, त्यसमा यादवकै वर्चस्व थियो । नब्बे प्रतिशत केन्द्रीय सदस्य यादव जातकै थिए । उनीहरू सबैका आँखाको कसिङ्गर थियो यो तेली मन्त्री । सबैको दबाबमा पार्टी अध्यक्ष सुखीलाल यादव नन्दूलाई पार्टीबाट निस्कासित गर्न बाध्य भए । नन्दूले मंत्री क्वाटर खाली गर्ने पत्र पायो । अपर्णाका पति उसलाई दुई दिनका लागि पनि आफ्नो घरमा बास दिन राजी भएनन् । यसै दुर्भाग्यका बीच मन्त्री नन्दूको विरुद्ध अर्को मामिला पनि अगाडि आयो । संचार माध्यममा छ्यापछ्याप्ती देखियो, भारतीय सीमामा नाकावन्दी गरिएको बेला एउटा डी.एस.पी. को पाशविक किसिमले हत्या भएको थियो, जसमा हत्या नन्दूको अगुवाइमा भएको रहेछ । नाकावन्दीको लाभ उठाएर उनले पेट्रोलको तस्करी गर्न थालेका थिए अरे । निगरानीका लागि गएको डी.एस.पी. राजीव कँडेलको टोलीले पेट्रोलका सिलेन्डरले भरिएको ट्रक रोक्ता नन्दूले उनको मधेस मुक्ति दलमा भित्रिएका अपराधीहरूका समूहको सहयोगमा कँडेलको हत्या गरेका थिए अरे । विशेष अदालतले डी.एस.पी. कँडेलको हत्या गरेको सिद्ध भएको हुनाले नन्दूलाई आजीवन कारावासको सजाय सुनायो । मरिच र सुकुमेलको ठूलो व्यापारी लादू साहुले भ्रष्टाचारहरूका प्रमाण संलग्न गरी उनको विरुद्ध अख्तियार दुरुपयोग आयोगमा निवेदन दर्ता गरायो । त्यो आरोप पनि सिद्ध भयो र उनलाई पाँच वर्ष कैद, ४० करोड पचपन्न लाख ९५ हजार ९ सय नब्बे रुपैया दस पैसा जुरमाना र त्यही बराबरको बिगो जफत गर्ने फैसला गरियो । शुद्धिकरण अनुसन्धान विभागले लगभग ८८ करोड रुपैयाको स्रोत नखुलेको दाबी गरेको थियो । भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा १ अनुसार नन्दू भयानक अपराधकर्मी साबित भएका थिए र उनको तुलना हिन्दी सिनेमाका डर लाग्दा अपराधी ‘दादा’ हरूसितगर्न थालिएको थियो । नन्दूलाई जेल चलान गरियो । उनलाई भविष्यमा ‘साइन्टिस्ट’ को रुपमा देख्ने शिक्षकहरूका मीठा–मीठा कल्पनाहरू नक्खु जेलभित्र कुहिंदै थिए । आमा पनि स्वर्गीय हुनुभयो र तिनको मलामी जाने मानिस पनि दस जना नातेदार बाहेक कोही निस्किएन । बाह्र वर्षपछि जब नन्दू जेलबाट फर्किए, उनीप्रति कसैले कुनै सम्मान देखाएन । समाजमा आफ्नो अकल्पित अपमान देखेर उनी मुर्मुरिन्थे, ‘साला सक्खरमा झुत्तिने कमिलाहरू !’ उनी बौलाए, तर आफूलाई बौलाहा मान्न उनी तयार थिएनन् । श्रीमती, छोरो, बुहारी र घरका सबै सदस्यलाई उनी प्रतिपक्षी दलका सदस्य ठान्थे र घरलाई संसद । संसदमा जस्तै घरका कुर्सीहरू उचालेर उनी बूढी, बुहारी र एकलौटो नातिको खप्परमा हान्थे । छानो उचाल्ने गरी चिच्याउँथे, ‘म संसद चल्न दिन्न ।’ त्यसपछि संसद अवरुद्ध हुन्थ्यो । इन्क्लाव–जिन्दावाद । भ्रष्टाचार बन्द गर । महङ्गी– नियन्त्रण गर । आज विहानै उनको बौलट्टीपन पराकाष्ठामा पुगेको थियो । उनी आफ्नो पाँच तले बाल्कनीमा उभिए, मुठी बाँधेर माइकको कल्पना गरे र त्यसलाई मुखमा टाँसेर गर्जिन थाले, ‘दारु र सेक्स फ्री हुनुपर्छ । जिन्दगीको मज्जा लिनु मौलिक अधिकार हो । फन्डामेन्टल राइट ।.. तेरो बावुको के जान्छ ?.. कोठाभित्र जे पनि गर्न पाउनुपर्छ ।... संसारमा को भ्रष्टाचारी होइन ?.. तहकीकात होस् ।.. साले, ठूलो भ्रष्टाचारीले सानो भ्रष्टाचारीको डाहा गरेर हुन्छ ?.. भ्रष्टाचारको मौका नपाएकाहरूले भ्रष्टाचारको विरोध गर्ने र मौका पाउनासाथ त्यसमा चुर्लुम्म डुब्नेहरूको देशको सिस्टमै यस्तो छ ।.. तेरो सिस्टमै यस्तो छ, जसरी भए पनि पैसा कमाऊ । पैसा, पावर, पोजिसन, प्रेस्टिज, एजुकेसन, पैसा छ भने सब तेरो । छैन भने, तेरो जिन्दगी एउटा गुलामको जिन्दगीभन्दा पनि गएगुज्रेको हुन्छ ।’..बाथकी रोगिणी तीला भाउजू खोच्याउँदै बार्दलीमा आइन् र उनलाई भित्र लैजान तान्न थालिन् । तर, उसको भाषण बन्द भएन, ‘हाम्राजस्ता देशमा सबै राजनैतिक व्यवस्था टाठा–बाठाहरूले भ्रष्टाचार गर्न पाउने व्यवस्था हुन पुगेकोछ ।.. नो लोकतंत्र.. नो करप्सन । नो डेमोक्रेसी..।’ भाउजूले जत्ति–जत्ति बल लगाएर तान्थिन्, उनी त्यत्तिनै नाइटोदेखिको बल झिकेर चिच्याउँथे, ‘डेमोक्रेसीबाट भ्रष्टाचार र ग्ल्यामर झिकिदेऊ, साले कोही चुनावमा उठ्ने पनि मान्यो भने म कुत्ता..! म कुत्ता.. तिमी कुत्ती..’भाउजू नन्दूलाई भित्र लैजान सफल भइन्, तर गर्जन अझै सुनिन्छ । म उनको साथी, उनको छिमेकी । अरुले जे भने पनि, मेरो मनले प्रश्न गर्छ, के मेरो साथी नन्दू मन्त्रीबाट निष्कासित भएपछि पागल भए कि उनी त्यसै दिन पागल भए जुन दिन ‘साइन्टिस्ट’ हुने सपना छोडेर मन्त्री हुने सपना देख्न थाले??.. हो, उनी त्यसै दिन पागल भएका थिए, जुन दिन उनले जीवनमा सक्रिय राजनीतिलाई प्रश्रय दिएका थिए ।.. तीला भाउजूले नन्दूलाई कोठाभित्र लगेर थुनिन् । म सडकमै थिएँ । भाउजूले मलाई सडकमा देखेकी रहिछन् । उनी सप्कोले आँसु पुछ्दै तल झरिन् । मैले अचम्म मानेर सोधें, ‘भाउजू, नन्दू किन बौलायो ?’ भाउजूले रुँदै भनिन्, ‘बाबु, उहाँ बौलाउने धेरै कारण छन् । उहाँले म जीवनभरि मन्त्री भएर खान्छु भनेर सोच्नुभएको थियो क्यारे । तर, तुलसीपुर, दाङमा कृषिमन्त्रीको रूपमा भाषण गर्दागर्दै उहाँले मन्त्री पदबाट खारेज भएको कुरा एक्कासि सुन्दा नै पहिलो पटक उहाँको दिमाग खज्मजिएको मैले अनुभव गरेकी थिएँ । मन्त्री पदबाट खारेज भएकै दिन क्वाटर खाली गर्नु परेको र सुरक्षा व्यवस्था खोसिएको पिर छँदै, अपर्णाले उहाँलाई रीताको हत्यारा भनेर अब उप्रान्त फोन नगर्न भन्दा उहाँलाई ठूलो चोट परेको थियो । उहाँ प्रत्येक विहान उठेर बैठकमा जानुहुन्छ र त्यहाँ कुर्सीहरू खाली देखेर कराउनुहुन्छ । मन्त्री भएको बेला यी सबै कुर्सी भरिभराउ हुन्थे, तर अब चरोमुसो पनि ढिम्किंदैन । अनि उहाँको बौलट्टीपन बत्तिन्छ । अब विहानविहानै सलामी दिने सेना हुँदैनन्, उहाँ तल गएर फर्किनुहुन्छ, अनि झन् पागल हुनुहुन्छ ।.. यहाँ सबै पावरका भोका छन्, बाबु पावरका भोका..’ भन्दै आँसु पुछ्दै भाउजू फेरि माथिउक्लिइन् । मैले मनमनै सोचें, मन्त्री नन्दू ‘शाह’ बन्नुभन्दा भैंसी चराउने मेरो साथी नन्दू ‘तेली’ नै ठीक थियो । सुखी थियो, पागल त थिएन !



● सुस्मिता यादव

# मधेशले रोजेको डाक्टर बुहारी



डा. लक्ष्मी थापा गुप्ता

> ‘देश छोडेर एमबिबिएस अध्ययनका लागि विदेश आउँदा केही महिनाअगाडि बुबा डा. गोविन्द बहादुर थापाले छोरी भविष्यमा जीवनसाथी रोज्ने बेला केटा नेपाली र हिन्दू नै हुनु पर्‍यो भन्नु भएको थियो, त्यो चैँ सम्झिरहेँ ।’

डा. लक्ष्मी थापा गुप्ता, डा. गोविन्द बहादुर थापा र इन्दिरा थापाकी छोरी हुन् । कास्कीको पोखरामा विसं। २०३२ असार २१ गते जन्मिएकी लक्ष्मीको बाल्यकाल पारिवारिक मायाममतामा बित्यो । पोखराको महेन्द्र निम्न माध्यमिक विद्यालयबाट विसं। २०४३ मा कक्षा ६ उत्तीर्ण गरी कक्षा ७ देखि पढाईलाई निरन्तरता दिन काठमाडौँको पानीपोखरीस्थित भानुभक्त मेमोरियल विद्यालय पुगिन् । २०४७ सालमा ७० प्रतिशत अंक ल्याई एसएलसी उत्तीर्ण भइन् ।

बुबा अर्थशास्त्रमा विधावारिधी हुन् भने राजनीतिमा पनि उनको सक्रियता थियो । आमा डा। इन्दिरा नर्सिङमा विद्यावारिधी गरी स्वास्थ्य क्षेत्रमा लामो समय सक्रिय भइन् । लक्ष्मी पनि बाल्यकालमा आमासँग अस्पताल जान्थिन् । आमासँग आउनेजाने गर्दा ‘आमा’ जस्तै स्वास्थ्य क्षेत्रमा योगदान दिन्छु भन्ने कुरा मनमा पलाउन थाल्यो । एसएलसीपछि उच्चशिक्षामा उनले काठमाडौँ युनिर्भसिटी कलेजबाट कक्षा १२ उत्तीर्ण गरिन् । शैक्षिक योग्यता र आमाजस्तै स्वास्थ्य क्षेत्रमा योगदान दिने मनसायमा परिवारका सबैले समर्थन गर्दै प्रोत्साहन पनि पाइन् ।

स्वास्थ्य शिक्षा अध्ययनमै लाग्ने निधो भयो । चीनमा स्वास्थ्य शिक्षा अध्ययन गर्न भाषा अति आवश्यक भएकाले बेइजिङ सहरमा एकवर्ष चिनियाँ भाषा अध्ययन गरिन् सन् १९९५ मा । सौभाग्य नै मानौँ, एमबिबिएसको प्रवेश परीक्षामा पूर्ण छात्रवृत्ति प्राप्त भयो । मेहनत र परिश्रमले सफलताको बाटोमा पाइला सरिरहँदा सफलताको शिखरसम्मको लामो बाटो सहज बन्दै गयो । त्यहीबेला फेरि नसोचेको दुखःद घटना पनि हुन पुग्यो । दाइको दुर्घटनाको खबरले पूरै परिवार दुःखको कालो बादलमा हराइरहेको थियो । दाइको निधनले मनोबल टुटयो पनि । परिवारले सम्हालिँदै भविष्यको जिम्मेवारी बुझाए । ठुन्छे युनिर्भसिटीमा अध्ययन चलिरह्यो । ‘उसो त अध्ययनक्रममा गाइनोलोजिष्ट ९एमडी० को अध्ययन गरिरहेका बेला एमडी सर्जनको अध्ययन गरिरहेका मनोज गुप्तासँग प्रेम सम्बन्धमा गासिन पुगेँ,’ लक्ष्मी भन्छिन्, ‘अन्तरजातीय प्रेम सम्बन्ध भए पनि भविष्यमा परिवारले स्वीकार्य गर्छ भन्ने आत्मविश्वासले त्यो प्रेम सफल बनाउनु थियो र भयो पनि,’ लक्ष्मी भन्छिन्, ‘देश छोडेर एमबिबिएस अध्ययनका लागि विदेश आउँदा केही महिनाअगाडि बुबा डा। गोविन्द बहादुर थापाले छोरी भविष्यमा जीवनसाथी रोज्ने बेला केटा नेपाली र हिन्दू नै हुनु प¥यो भन्नु भएको थियो, त्यो चैँ सम्झिरहेँ ।’बाल्यकालदेखि नै आज्ञाकारी, लगनशील, मेहनती र शिक्षा क्षेत्रमा राम्रो योग्यता प्राप्त भएकाले उनले परिवारबाट हरेक पाइलामा साथ पाइन् । जीवनको निर्णयमा समर्थन पाइन् । एमडी पढाइको दोस्रो वर्ष अध्ययनक्रममा परिवारको सहमतिमा दुवै पक्षबाट उनीहरुको पे्रम स्वीकार्य भयो र धूमधामका साथ टीकाटालो भयो । डा ।लक्ष्मी थापा, डा ।मनोज गुप्तासँग बाँकी जीवन बिताउने गरी लक्ष्मी थापा गुप्ता भइन् ।

चीनबाट एमबिबिएस÷एमडी पढाई पूर्ण गरी नेपाल फर्किइन् । त्यही साल नेपाल मेडिकल काउन्सिलको परीक्षा पनि उत्तीर्ण भइन् । उनको कडा मेहनतले सफलताको शिखरसम्मको बाटो खुल्दै गए र उनी अघि बढ्दै गइन् । परिवारको मायाममता र



साथ त पाएकै थिइन्, त्यसमाथि उनले कडा मेहनत र परिश्रम गरी सफल प्रसूती रोग विशेषज्ञ९गाइनोलोजिष्ट० बन्ने सपना पनि साकार पारिन् ।

सन २००४ को नोभेम्बरमा लक्ष्मी र मनोज वैवाहिक सम्बन्धमा गाँसिए । मनोज तराईको पर्सा, पोखरिया, जगतपुरका हुन् । विवाहपछि कर्मघरमा आइन् लक्ष्मी । बुहारी अन्तरजातीय भए पनि सबैले खुशी र भव्यरुपले स्वागत गरे । ‘पहाडमा हुर्के पनि मधेशको संस्कृतिसँगै परिवारका सबै परम्परा अपनाउँदै गएँ,’ उनले भनिन्, ‘२००५ सम्म काठमाडौँ थापाथलीमा १ वर्ष इन्टरर्नसीप गरेँ, त्यसपछि २००८ सम्म लगनखेलको पाटन हस्पिटलमा काम गरेँ, २००६ मा त आमा भएँ, यसरी नै जिन्दगी चलिरहेको छ ।’

२०६२÷६३ को मधेश आन्दोलनका बेला स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलद्वारा स्वास्थ्य मन्त्रालयबाट पर्साको वीरगंज उपमहानगरपालिकाअन्तर्गत नारायणी उपक्षेत्रीय अस्पतालमा नियुक्त भइन् लक्ष्मी । नेपाल सरकारको जागिर पाएर जति खुशी थिइन्, त्योभन्दा बढी उनी दुई वर्षको छोराका लागि चिन्तित थिइन् । ‘एकातर्पm समाज र कामप्रति कर्तव्य अनि अर्कातर्पm सानो छोराको लालनपालनको चिन्ताले मन भारी भइरह्यो,’ उनले भनिन्, ‘त्यतिखेर मधेशको अवस्था पनि तनावग्रस्त थियो । त्यस्तो अवस्थामा पहाडबाट तराईमा सानो छोरा लिएर कसरी जाउँ भन्ने कुरा मनमा खेलिरह्यो ।’

‘मन बुझाउनै सकिनँ, नारायणी उपक्षेत्रीय अस्पताल नजाने जिद्दी गरेर माइत पुगेँ,’ उनले भनिन्, ‘मनको भारी बुबा डा ।गोबिन्द बहादुर थापासँग बिसाएँ, बुबाले त काम र समाजप्रतिको जिम्मेवारी र कर्तव्य पालना गर्न सम्झाउनु भयो ।’ अरु बेला झैँ परिवारले मनोबल बढाइदिए लक्ष्मीको । दुईवर्षको नाति माइतमै छाडेर नारायणी अस्पताल जान बुबाको सुझाव आयो । बुबाको कुराले प्रभावित भएर लक्ष्मी झरिन् तराई, वीरगंजमा । काठमाडौँदेखि लामो यात्रापछि वीरगंज आइपुगिन् र राति नै ड्युटीमा दुई गर्भवतीको सफलतापूर्वक अपरेसन गरिन् र सबैको मन जित्ने कोशेढुंगा सावित भयो यो कर्म । ‘सुरुमा त भोजपुरी भाषा बोल्न र बिरामीलाई बुझाउन गाह्रो भयो,’ उनले विगत सम्झिइन्, ‘विस्तारै भोजपुरी बोल्न सिक्दै गएँ र सरल हुँदै गयो ।’

नारायणी उपक्षेत्रीय अस्पतालमा काम गर्दागर्दै विसं। २०१० मा महाराजगंज टिचिङ हस्पिटलबाट १५ दिने टिओटी तालिम प्राप्त गरी यस्तै तालिम नारायणी उपक्षेत्रीय अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई पनि आवश्यक ठानेर डाक्टरलाई १५ दिन, एमबिबिएसलाई ७५ दिन र स्टाफ नर्सलाई ६० दिन तालिम दिइन् ।

लक्ष्मीले विसं। २०७६ असोज २७ गते प्रभु हस्पिटल सञ्चालनमा ल्याइन् । सरकारी जागिरसँगै प्रभु हस्पिटलको जिम्मेवारी बढ्दै जाँदा उनले सरकारी जागिरबाट बिदा हुने विचार गरिन् । विसं। २०७८ मा जागिर छाडेर प्रभु हस्पिटलको जिम्मेवारीमा अभ्यस्त छिन् । १२ वर्ष नारायणी उपक्षेत्रीय अस्पतालमा उनको योगदान रह्यो । कास्कीकी छोरी पर्साको डाक्टर बुहारी बनेर लक्ष्मी नर्स, डाक्टर हुँदै अस्पताल सञ्चालकसम्मको यात्रामा खुशी छिन् ।

कविता

## नगर कि घरबारी



● मेहीलाल यादव

जब हम निकलइछी भोरे, लेके बेल्चा, कोदारी,बाट के लोक पुछइअ, घर बना रहलछी कि बारी ?हम करइछी सडक सफाइ, नगर बिना कि घर कि बारी ?येहि ठाम के नेता, जनता, नगरबासी आउर फोहरी वेपारी । सडक के दुनु साइड, लोक रखइअ इँटा, रोडा, बालु ।वेपारी दोकनदार जम्मा करइअ, फोहर लगाके झाडु ।कोइ न रखइअ डष्टबिन, सब फेकइअ रोड पर कुँडाकर्कट ।कोइ न सोँचइअ बढा रहलछी, अपने आप के लागि संकट । येहि नगर मे हम छी बीस वरष से, न जोड्ली घर न बारी ।न लेली उद्धव से न देली माधव के, न कइली पेसा वेपारी ।कुछ बोरा सामान लेके अइली हम, येहि नगर मे छोटा परिवार ।कुछ बोरा जादा सामान लेके जायब, कुछ बढल बडा परिवार । राम चरित मानस मे सिये के अवस्था पर तुलसी दास कहैछथि,‘जिय बिनु देह नदी बिनु बारी। तैसी अनाथ पुरुष बिनु नारी’हमरा लगइअ स्वस्थ, सफा, हरा नगर बिना अनाथ घरबारी।समझ नहि अबइअ कि सोँचइअ, येहि नगर के नेता वेपारी।

## महाप्रलय

कल रात चित्रगुप्त महराज मेरे सपनो मे आएँ ओर बोले,
बालक तू व्यर्थ मे क्यूँ सफाइ के लिए हो रहे हो परेशान ?
हम बहुत जल्द महा प्रलय लाएंगेँ ओर कराएंगे अवसान ।
सत्युग, सुख, शान्ति, सन्तोष के लिए कराएंगे अनुष्ठान ।

मैने अर्जी लगाया वो कैसे भगवानरु सविस्तार बताएं,
तो उनहो ने मुझको विस्तृत मे समझाया,“सुनो बालक,
मैदानोँ ओर सडको पर कुत्तोँ ओर लोगों को देखते हो
भागते, उनको हम अगले जन्म के लिए, हम ही भगाते ।

अगले जन्म मे उन सब को हम विशेष कुत्ता बनाएंगेः
जर्मन सेपहर्ड को सेना पतियों,
हाउण्डको कमाण्डो, ल्याब्रेडर को सैनिक बनाएंगे ।
यिनसे सारे बडे प्राणी पर आक्रमण कराएंगे ।
यिनही को लासे खिला खिलाकर दुनिया को सफाया
कराएंगे ।

फिर कमाण्डो से सेना पतिँ ओर सैनिकों से से कमाण्डो का
सफाया कराएंगे ।
फिर कीरे मकोरे से सेनिको को मरबाएंगे ।
अन्त मे अमिबा, ब्याक्टेरिया, भाइरस, फङ्गस से कीरे
मकोरे
सफाया कराएंगे। सर्व शक्तिशाली जीवाणु विकास
कराएंगे ।

इसके वाद के कहानी बालक मैने वर्षों पहले डार्बिनँ ओर
आइन्स्टीन को बतलाया था, तुम उनको पढनाँ ओर खुद
का शास्त्र गढना ।
जैसे वेद पुराण, बाइबल, कुरान का तुम अपना अर्थ
लगाते हो
और सिम्बायोसिस के बदले संहार कराते हो ।

# हिन्दी अधिकारको क्षेत्रमा नेपालीको कमी सदैव रहनेः वक्ता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालमा हिन्दी भाषाको अधिकारका लागि अन्तिम समय सम्म लड्ने योद्धा वरिष्ठ पत्रकार राजेश्वर नेपालीलाई हामी कहिले पनि विर्सन नसक्ने एक कार्यक्रममा वक्ताहरुले बताएका छन् । शुक्रबार जनकपुरधाममा आयोजना गरिएको कार्यक्रममा वक्ताहरुले आफनो जीवनमा नेपालीले मधेशको पहिरन धोती,कमीज,गमछालाई आत्मसात गर्दे नेपालमा हिन्दी भाषालाई मान्यता दिलाउन नेपाल सरकारसंग आफनो अन्तिम सांससम्म लडेको कुरा सम्पुर्ण मधेशले कहिले विर्सन नसक्ने बताए ।
स्वर्गीय नेपाली हिन्दी भाषाका साथ साथै राष्ट्र भाषा नेपाल र मैथिली भाषा प्रति उतिकै समर्पित रहेको र उहाँले नेपाली तथा मैथिली भाषामा दजर्नौ कथा कविताहरु रचना गरेको वक्ताहरुको भनाई थियो ।
नेपालमा भएको विभिन्न आन्दोलनलाई राम्ररीसंग बुझेका र भोगेका नेपाली प्रजातन्त्र स्थापनका लागि आफनो कल चलाउदा र राजशाहीको विरोधमा समाचार प्रकासीत गर्दा पटक पटक जेल जानु परेको र नेपाली राजनीतिका योद्धाहरु वीपी कोइराला,गणेशमान सि.ह,महेन्द्रनारायण निधी,भद्रकाली मिश्र,रामनारायण मिश्र, हिमालिनी प्रकाशन समूहका अध्यक्ष सच्चिदानंद मिश्र जस्ता नेताको उहासंग राम्रो सम्वन्ध रहेको वक्ताहरुले बताए । कार्यक्रमा पत्रकार नेपालीको विषयमा बताउदै वक्ताहरुले नेपालीको भारतका नेताहरुसंगको सम्वन्धपनि राम्रो रहेको बताए ।
भारतबाट प्रकाशित हुने कादम्बिनीका सम्पादक राजेश्वर नेपालीबाट प्रभावित रहेका थिए भने पत्रकारिताको कैरियमा नेपाल तथा भारतका दर्जनौ संघ संस्थाबाट सम्मानीत पनि भइसकेका छन् ।
नेपालीले आफनो जीवनमा जनकपुर बौद्धिक समाजद्वारा नेपाल भारतका महापुरुषहरुको जयन्ती,पुण्यतिथि मनाउने देखि नेपालका विभिन्न शहरहरुमा आर्थिक समस्याको बावजुद सफलता पुर्वक राष्ट्रिय हिन्दी सम्मेलन गरेर देखाएका थिए । उहाँले राजर्षि जनक पुरस्कारको सुरुवाती पनि गरेका थिए ।



*यो तस्बिर जनकपुरधामस्थित सिक्सलेन सडकको हो, जनकपुरधाम उपमहानगरपालिका वडा नं २३ मा पुलको अभावमा जटहीबाट भिठामोड तथा ढल्केवरसम्म यातायात संचालनमा आउन सकेको छैन । अहिले पनि यात्रुलाई जनकपुरधामको बजार भएर आफ्नो गन्तव्यतर्फ जानुपर्ने अवस्था रहेको छ । पुल निर्माणका लागि वडाध्यक्ष राघवेन्द्र साहले पहल गरेपनि कुनै सफलता प्राप्त हुन सकेको छैन ।*
*तस्बिरः मिश्रीलाल मधुकर*

# झुलनकुंजमा झुलनोत्सवको धूम



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधामका सबै मठमन्दिरमा झुलन महोत्सवको धुम रहेको छ ।
जनकपुरधामका प्रसिद्ध मन्दिरहरु जानकी मन्दिर,राम मन्दिर,रत्न सागर लगायत सबै मठ मन्दिरहरुमा झुलन उत्सव मनाइदैछ ।
प्राचिन मान्यता अनुसार जगत जननी माता जानकी आफनी सहेलीहरुसंग यसै उपवनमा झुला गर्ने गर्थिन् ।
यसै मान्यतालाई लिएर जनकपुरधामलाई झुलन कुंज भनिएको हो । झुलनोत्सव महोत्सवमा भाग लिनका लागि नेपाल भारतबाट ठुलो संख्यामा श्रद्धालु भक्तजन जनकपुरधाम आउने गर्दछन् । १५ दिन सम्म मनाईने झुलन उत्सवमा रामसीतालाई सजाएर आसनमा स्थापित गरि रेशमको धागाले झुलाउने गरिन्छ ।
झुलन महोत्सवको अवसरमा सबै मठ मन्दिरमा सांस्कृतिक कार्यक्रमको आयोजन पनि गरिएको छ ।

# सबै मिलेर जलवायुबाट हुने असरको क्षतिपूर्ति लिन दाबी गरौँः वनमन्त्री

**रासस**
**जनकपुरधाम ।**
वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले आगामी जलवायु सम्मेलनमा सरोकारवाला सबै सङ्घ संस्था र नेपाल सरकार मिलेर जलवायु परिवर्तनबाट मुलुकमा परेको असरको क्षतिपूर्ति लिन पहल गर्नुपर्ने बताएका छन् ।
नेपाल सरकार र यूएन वुमन नेपालको सहकार्यमा साथसाथै संस्थाले शुक्रबार आयोजना गरेको जलवायुसम्बन्धी कार्यक्रममा उहाँले जलवायु परिवर्तनसम्बन्धी आगामी अन्तर्राष्ट्रिय सम्मेलन (कोप–२८) मा धेरै उपलब्धि हासिल गर्न सकिने गरी सरकारले तयारी गरिरहेको जानकारी गराए ।



उनले भने, 'विगतमा जलवायु सम्मेलनलाई गोष्ठी र विदेश भ्रमणको रुपमा बढी केन्द्रित गरेको पाइयो । आगामी कोप–२८ मा सरकारले व्यापक तयारी गरेको छ, यसपाली पहिलो पटक एक लाख अमेरिकी डलर खर्चमा आफ्नै 'पेभिलियन' (बृहत मण्डला) राख्ने निश्चित भइसकेको छ ।
त्यसमा नेपालका मुद्दाबारे प्रदर्शन गरिनेछ । नेपालका हिमाल र नेपालले गरेका कामबारे त्यहाँ जानकारी गराइने छ ।'वनमन्त्री डा महतोले जलवायु परिवर्तनको मुख्य जोखिममा महिला र बालबालिका बढी प्रभावित देखिएको उल्लेख गर्दै भने, 'घरायसी तथा कृषि तथा अन्य सीपमूलक कार्यहरूमा पनि महिला नै अग्रपंक्तिमा छन्, पुरुष कमाउनका लागि बाहिर जाने वा विदेशिने भएकाले पनि महिला र बालबालिका जलवायु परिवर्तनले निम्त्याएको विपद्को बढी जोखिममा परेका छन् ।' व्यवस्थापनमा महिला र बालबालिकालाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।
कार्यक्रममा यूएन वुमन नेपालका राष्ट्रिय प्रतिनिधि प्याट्रिसिया फर्नाण्डेज्ले नेपाल सरकारले समावेशिताका लागि चालेका कदम महत्त्वपूर्ण भएको बताउँदै जलवायु परिवर्तनका असर कम गर्न नेपालले चालेका कदमको प्रसंशा गरे । 'हामी नेपाल सरकारसँग मिलेर जलवायुको असरले महिला तथा जोखिममा परेका समुदायका समस्या सम्बोधनमा काम गर्न इच्छुक छौँ', उनले भने ।
संस्थाका अध्यक्ष प्रजिता कार्कीले संस्थाले गर्दै आएका कामका बारेमा जानकारी गराउँदै अहिले हाम्रो काँधमा भविष्यको पुस्ताको लागि बस्न योग्य पृथ्वी सुरक्षित गर्ने ठूलो जिम्मेवारी छ भनीन् । उनले कृषिमा जलवायु परिवर्तनले गम्भीर असर गरिरहेको बताउँदै खाद्य सङ्कटतर्फ उन्मुख भइरहेका उल्लेख गरिन् ।'अबको केही महिनामा नै विश्वका नेताहरू कोप–२८ सम्मेलनका लागि संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईमा भेला हुँदैछन् । हामीले जलवायु परिवर्तनको असरको बारेमा नीतिगत निमार्ण गर्ने केन्द्र तहदेखि स्थानीय तहसम्मका काममा निरन्तर समन्वय गरिरहेका छौँ', अध्यक्ष कार्कीले भनिन् ।
मन्त्रालय अन्तर्गतको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा बुद्धिसागर पौडेलले नेपालले २०४५ सम्म कार्बन शून्यको अवस्थामा जाने लक्ष्य राखेकाले यी लक्ष्य प्राप्तिका लागि सरकार र सरोकारवाला निकाय मिलेर काम गर्नुपर्ने बताए । जलवायु विज्ञ समा श्रेष्ठले जलवायुको सबैभन्दा ठूलो असर महिला तथा बालबालिकामा परेको बताउँदै यौन तथा प्रजनन अवस्थामा पनि जलवायुको असर परिरहेको उल्लेख गरे । अर्का जलवायु विज्ञ मन्जित ढकालले विश्व तापमान वृद्धिले जलवायु परिवर्तन देखिएको र यसले विपद् निम्त्याएको बताए ।
कार्बन उत्सर्जन घटाउनुपर्ने भए पनि विभिन्न मुलुकको अडानका कारण कार्बन उत्सर्जन रोक्न नसकिएको उनको भनाइ थियो । विज्ञ दिव्या गुरुङले निर्णय गर्ने छलफलमा पुरुष सहभागी हुने तर महिलालाई काम व्यस्ताका कारण सहभागी नगराउने गरिएको गुनासो गर्नुभयो । अर्का जलवायु विज्ञ राजु पण्डित क्षेत्रीले जलवायु परिवर्तनका असरले पारेका असर कम गर्न सबै मिलेर काम गर्नुपर्नेमा जोड दिए ।

# मेयर साहको पहलमा पुलचोक सडकको मर्मत र नाला निमार्ण सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वर्षोदेखि उपेक्षित रहेको जनकपुरधाम उपमहानगरपालिकाको वडा १६ स्थित पुलचोकको सडक र नाला निर्माण प्रक्रियालाई अगाडी बढाइएको छ ।
जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहको पहलमा उक्त सडक खण्डलाई सडक मर्मत तथा नाला निमार्णको काम भएको छ । पानीको निकास नभएका कारण वर्षो देखि हिलाम्य रहदै आएको उक्त सडकमा उपमहानगरपालिकाले पानीको निकासका लागि नाला निर्माण गरि सडकको मर्मत संभार गरेको हो ।
लामो समय देखि जिर्ण अवस्थामा रहेको सो हुलाकी सडक मर्मत संभारका लागि जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले आफै अग्रसरता देखाएपछि हुलाकी राजमार्ग आयोजना समेत सडकको मर्मत संभारमा जुटेका छन् । उपमहानगरपालिकाका नगर प्रमुख साहले सडकको अवस्था बारे चासो व्यक्त गरेर हुलाकी सडक आयोजनाका प्रमुख र उपमहानगरपालिकाका योजना शाखालाई मर्मत कामलाई तत्काल गति बढाउन निर्देशन दिए पछि मर्मत कार्यले द्रुत गति लिएको हो । लामो समयसम्म काम रोकिएर अलपत्र परेको सडक उपमहानगरपालिकाका नगर प्रमुखको पहल पछि कामले तिब्रता लिएपछि स्थानीयमा खुसीयाली छाएको छ ।

# प्रहरी समायोजन ऐन कार्यान्वयन हुनुपर्छः सोनल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी नेपाल मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनलले मुलुकमा प्रहरी समायोजन ऐन कार्यान्वयन हुनुपर्ने माग गरेका छन् ।
लोसपा नेपाल जितपुर–सिमरा उपमहानगरपालिका नगर समितिको आयोजनामा गढीमाइ मन्दिरको धर्मशालामा आयोजित अगुवा कार्यकार्ता भेलामा सम्वोधन गर्दै अध्यक्ष सोनलले यस्तो माग गरेका हुन् ।



उनले प्रदेशलाई अधिकार सम्पन्न र स्थायित्व प्रदान गर्न प्रहरी समायोजन ऐन कार्यवन्यन गर्न अति आवश्यक रहेको बताउदै संघियताको कार्यान्वयनका लागि संविधानमा उल्लेख अधिकारबाट बंचित गरिनु राज्यको विभेदी नीति कायम रहेको मानिने छ उनले बताए । कार्यक्रममा लोसपा बारा क्षेत्र न.४ का अध्यक्ष सिताराम गुप्ता,प्रदेश ४(क)अध्यक्ष घनश्याम गिरि,नगर अध्यक्ष शिवजी साह,लोसपा नेता प्रभुनाथ सिंह,राजु गिरि,रामबाबु पटेल,सरोज पटेल,तरुण सहनी,वडा अध्यक्ष मोतीलाल यादव लगायत अगुवा कार्यकर्ताहरुको उपस्थिती रहेको थियो ।

# वीरगंजमा गाईजात्राको रौनक

*मल्लकालीन राजा प्रताप मल्लले पुत्रशोकमा रहेकी आफ्नी रानीलाई सहरका अन्य बासिन्दाले पनि यस्तै शोक व्यहोरिरहेका छन् भन्ने देखाएर रानीको चित्त बुझाउन गाईजात्राको परम्परा थालेको इतिहास छ ।*




**मधेशदृष्टि**
**वीरगंज ।**
नेवार समुदायले वीरगंजमा सापारु अर्थात गाईजात्रा पर्व धुमधामका साथ मनाएका छन् ।
एक वर्षभित्र दिवंगत भएका परिवारका सदस्यको सम्झनामा गाईजात्रा निकाल्ने प्रचलनअनुरुप वीरगंज सापारु समितिको आयोजनामा गाईजात्रा निकालिएको हो ।
वीरगंजको अलखिया मठस्थित अतिथि सदनबाट निकालिएको गाईजात्राले महावीरस्थान, माईस्थान मन्दिर, विर्ता हुँदै पुनः अतिथि सदन पुगेर समापन गरिएको थियो ।
दिवंगत आफन्तको सम्झनामा गाई वा मानिसलाई गाईको रुपमा सिँगारपटार गरी बाजागाजा, झाँकी, जुलुशसहित नगर परिक्रमा गराउने र श्रद्धालुद्वारा उनीहरुलाई दूध, फलफूल, रोटी, चिउरा दहीका साथै अन्न र द्रव्य दान गरिने चलन रहेको वीरगंज सापारु समितिका अध्यक्ष सञ्जय जोशीले जानकारी दिए । मृतकका परिवारले यसरी दान गर्दा एकवर्ष यता आफ्नो परिवारमा मृत्यु भएका व्यक्ति गाईको पुच्छर समाई वैतरणी पार हुने धार्मिक विश्वास रहेको जोशीले बताए ।
मल्लकालीन राजा प्रताप मल्लले पुत्रशोकमा रहेकी आफ्नी रानीलाई सहरका अन्य बासिन्दाले पनि यस्तै शोक बेहोरिरहेका छन् भन्ने देखाएर रानीको चित्त बुझाउन गाईजात्राको परम्परा थालेको इतिहासमा उल्लेख गरिएको नेवा समुदायका बुद्धिजीवीले बताएका छन् ।
जात्रामा वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह, अन्नपूर्ण मान्नधर, मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्य, सुन्दर श्रेष्ठ, अञ्जु श्रेष्ठ, सुशील श्रेष्ठलगायत नेवार समुदायका अग्रजहरुको सहभागिता थियो ।

# २३ करोड भ्रष्टाचारको मुद्दा हेर्दाहेर्दैमा




**मधेशदृष्टि**
**वीरगंज ।**
१४ करोड ८१ लाख रुपैयाँ अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा वीरगंज महानगरपालिका वडा नम्बर ४ जेलरोड निवासी मालपोतका नायब सुब्बा मदन गुप्ताविरुद्ध दायर मुद्दाको सुनुवाइ नसकिएपछि विशेष अदालतले हेर्दाहेर्दैमा राखेको छ । उनीविरुद्ध ६ वटा मुद्दा दर्ता भएका छन् । सबै मुद्दाको कुल बिगो रकम झण्डै २३ करोड रुपैयाँ छ ।
२०७६ जेठमा २ करोड ५० लाख, ४ करोड ५८ लाख रुपैयाँ र बिगो दाबी नगरिएको अर्को एकसहित ३ वटा भ्रष्टाचार मुद्दा दायर भएको थियो । २०७६ मंसिर २ गते ७७ लाख ८६ हजार र १० गते १४ करोड ८१ लाख रुपैयाँ बिगो कायम गरी छुट्टाछुट्टै मुद्दा दायर भएको थियो । त्यसपछि २०७९ असोज ७ गते १२ लाख ३७ हजार रुपैयाँ बिगो दाबी गरी अर्को मुद्दा दायर भएको थियो । सुरूमा दायर भएका प्रायः मुद्दामा ठहर तथा आंशिक ठहर भएकोमा अहिले सबैभन्दा ठूलो मुद्दाको सुनुवाइ भइरहेको हो ।
तत्कालीन अवस्थामा मालपोत कार्यालय कलैया दरबन्दी भई मालपोत कार्यालय सिमरामा कार्यरत रहेका नासु गुप्ताविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १४ करोड ८१ लाख रुपैयाँ गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपसहित २०७६ मंसिर १० गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो । गुप्ताले आफूले कमाएको सम्पत्ति पत्नी रीता देवी, छोराहरू विक्की र रकीको नाममा लुकाएको आरोपमा उनीहरूलाई पनि प्रतिवादी बनाइएको छ ।
त्यसैगरी, उनले आर्जन गरेका सम्पत्ति आफन्तका नाममा पनि लगानी गरेको अभियोगपत्रमा उल्लेख छ । सोही मुद्दामा उनका आफन्तहरू कविता कुमारी, निरज कुमार गुप्ता, राजेशकुमार गुप्ता, जुगुलीप्रसाद र जगतनारायण यादवको नाममा समेत लगानी गरेकाले उनीहरूलाई पनि प्रतिवादी बनाइएको छ । २०४७ साल असार २७ गते मालपोत कार्यालय मुस्ताङबाट खरिदार बनेका गुप्ता २०६४ सालमा नासुमा बढुवा भएका थिए । उनी मालपोत कार्यालय सिमराका निमित्त प्रमुख भएका बेला मुद्दा दायर भएको थियो ।

श्री विश्वकर्मा पुजा २०८० को शुभ अवसरमा
शक्तिमान
रोटावेटरको नयाँ योजना
SHAKTIMAN®
MAKING AGRICULTURE MORE ECONOMICAL
हरेक रोटावेटरको खरिदमा
एक सेट रोटावेटर फाली फ्रि
फ्रि* रोटावेटर फाली




विशेषताहरू:
- विशेष प्रकारको डिजाइनबाट निर्माण गरिएकोले ट्रेक्टरमा कम लोड र डीजलको कम खपत हुने ।
- गहिरो जोताई तथा कम मेन्टेनेन्स ।
- बोरोन स्टीलबाट निर्मित उमदा क्वालिटीको रोटावेटर फाली ।
- पावडर कोटिङ्गबाट पेन्ट गरिएकोले बढी दिनसम्म टिकाउँ ।
- घर दैलोमा सर्भिस र स्पेयर सजिलै पाउने ।
- १० भन्दा बढी मोडलमा उपलब्ध ।
- २.५ फिट देखि १० फिट सम्मको रेन्जमा उपलब्ध ।

*शर्तहरु लागु हुनेछ ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०२१०२०

# आजबाट माओवादीको 'मिसन २०८४'

माओवादीले अभियान सञ्चालनका लागि सबै पदाधिकारीको कार्यविभाजन गरी प्रदेश संयोजक तोकेको छ । कोशीमा चक्रपाणि खनाल, मधेशमा लिलामणि पोखरेल, बागमतीमा जनार्दन शर्मा, गण्डकीमा देवेन्द्र पौडेल, लुम्बिनीमा हितमान शाक्य, कर्णालीमा मातृका यादव, सुदूरपश्चिममा डिलाराम आचार्य, सम्पर्क समन्वयमा गिरिराजमणि पोखरेल, उपत्यका विशेषमा वर्षमान पुन र प्रवास प्रदेशमा राम कार्कीलाई संयोजक तोकिएको छ ।



**अशोक घिमिरे**
**काठमाडौँ ।**
सत्ताको नेतृत्व गरेको नेकपा माओवादी केन्द्रले २०८४ सालको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको परिणाम आफ्नो पक्षमा सुनिश्चित गर्ने मुख्य लक्ष्य बनाएर शनिबारदेखि 'जनतासँग माओवादी' विशेष रुपान्तरण अभियान सञ्चालन गर्दैछ ।
प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार अपराह्न १ बजे काठमाडौँको चन्द्रागिरि नगरपालिका वडा नम्बर २ स्थित भट्टेडाँडाबाट देशभर एकसाथ अभियानको सुरु भएको घोषणा गर्ने कार्यक्रम छ ।
मुलुकमा राजनीतिक परिवर्तन र रुपान्तरणकारी योजनाको नेतृत्व गर्दै आएको देशको प्रमुख शक्तिमध्ये एक माओवादी केन्द्रले यस अभियानमार्फत जनताको 'मन जितेर मत प्राप्त' उद्देश्य राखेको छ । साउन तेस्रो साता राजधानीमा बसेको माओवादीको केन्द्रीय समितिको चौथो पूर्ण बैठकले पार्टी र सरकारको सन्देश प्रत्येक घरमा पु¥याउने उद्देश्यसहित अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । अभियानअन्तर्गत पार्टी अध्यक्ष प्रचण्डले नेतृत्व गरेको सरकारले गरेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवद्र्धनलगायत जनपक्षीय कामको प्रचारप्रसार गरिने, पार्टीभित्रको समस्या तथा अन्तरविरोधको पहिचान गर्ने, माओवादी नेता तथा कार्यकर्ता जनतासँग नपुग्नेलगायत गुनासोको प्रभावकारी समाधान खोजिने माओवादी पार्टी कार्यालयका सचिव डोरप्रसाद उपाध्यायले जानकारी दिए । 'अभियानक्रममा माओवादी जनताको घरघरमा जानेछ, आसन्न २०८४ सालको निर्वाचनको नतिजालाई प्रभाव पार्ने उद्देश्यसहित अभियान सञ्चालन हुनेछ,' उनले भने ।
पार्टी अध्यक्ष प्रचण्डले अभियान शुभारम्भ घोषणा गरेसँगै देशभरका छ हजार सात ४३ वडामा एकसाथ अभियान सञ्चालन गर्नेगरी तयारी गरिएको माओवादीले जनाएको छ । अभियानअन्तर्गत कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेट गरी सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायका क्षेत्रमा गरेका कामबारे जानकारी गराइनेछ । पार्टी अध्यक्ष 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण, सुशासन कामय तथा सेवा प्रवाहमा जनअपेक्षाअनुसार काम गर्दै आएको पार्टीले जनाएको छ ।
सरकारले चालेका कदमलाई ठूलो जनसमर्थन प्राप्त भएको सो पार्टीको दाबी छ ।
अभियानका क्रममा नवीकरण र विस्तारका माध्यमबाट पार्टी सदस्यता सङ्ख्या आठ लाख पु¥याउने गरी पार्टी र जनवर्गीय सङ्गठन मोर्चाका सबै कमिटीका बैठक सम्पन्न गरी स्वचालित कमिटी तयार पारिने माओवादीले जनाएको छ ।
माओवादीले अभियान अवधिभर केन्द्रीय पदाधिकारीलाई अन्तरप्रदेश, स्थायी समिति सदस्य र केन्द्रीय सदस्यलाई अन्तरजिल्ला तथा प्रदेश सदस्यलाई अन्तरपालिका खटाउने गरी कार्यक्षेत्र विभाजन गरेको छ । उनीहरूलाई अस्थायी बसोबासस्थलमा समेत कार्यक्षेत्र तोकी पठाइसकिएको छ ।
अभियानका लागि पार्टी केन्द्रीय सदस्य, आयोग सदस्य, सल्लाहकार सदस्यको नेतृत्वमा पार्टी प्रदेश कमिटी सदस्य, जिल्ला समन्वय समिति सदस्य, पालिका पदाधिकारी, केन्द्रीय र प्रदेश विभागका सदस्य, जबस मोर्चाका केन्द्रीय सदस्य र प्रदेश समिति पदाधिकारी सम्मिलित पालिकास्तरको टोली निर्माण गरिएको छ । अभियान टोलीले पालिका, वडा र टोलस्तरसम्म कार्यक्रम सञ्चालन गर्नेछ ।
अभियान तीन चरणमा सञ्चालन हुने बताइएको छ । पहिलो चरणमा बैठक, भेला, प्रशिक्षण, सदस्यता नवीकरण÷विस्तार, अभिलेख व्यवस्थापन, उत्पादन र प्रचारसँग सम्बन्धित संयन्त्र तथा योजना निर्माण, विभिन्न तहका पार्टीका कार्यालय व्यवस्थापन, पार्टीभित्रका अन्तरविरोधको पहिचान र समाधानको पहल, कार्यकर्ता व्यवस्थापनका लागि कोष स्थापना गरिनेछ ।
दोस्रो चरणमा पाँचघण्टे अन्तरपार्टी स्कुल, विषयगत अन्तक्र्रिया, विषयगत तालिम, गोष्ठी, जनप्रशिक्षण, जनभेला, टोलटोलमा युवाभेला, स्थानीयस्तरका सरकारी तथा सामाजिक सङ्घ संस्थासँग अन्तक्र्रिया गरिने जनाइएको छ । तेस्रो चरणमा जनप्रदर्शन, जनसङ्घर्ष, जनसेवासहित जनपरिचालनका कार्यक्रम सञ्चालन गरिनेछ । यस्तै, सुशासन, समृद्धि र सामाजिक न्यायको अभियानमा जनसमर्थन तथा ऐक्यबद्धता एवम् टोलसभा गरिने प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिए ।
माओवादीले अभियानलाई सफल बनाउन प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष 'प्रचण्ड'सहित सरकार तथा अन्य जिम्मेवारीमा रहेका सबै पदाधिकारीले कम्तीमा एक/एक वडाको जिम्मेवारी लिनुपर्ने नीति लिएको छ । केन्द्रीय समिति बैठकमा अध्यक्ष दाहालले आफूले सातै प्रदेशका एक÷एक गरी सात वडाको अभियानमा सहभागी हुने प्रतिबद्धता व्यक्त गरेका थिए ।
माओवादीले अभियान सञ्चालनका लागि सबै पदाधिकारीको कार्यविभाजन गरी प्रदेश संयोजक तोकेको छ । कोशीमा चक्रपाणि खनाल, मधेशमा लिलामणि पोखरेल, बागमतीमा जनार्दन शर्मा, गण्डकीमा देवेन्द्र पौडेल, लुम्बिनीमा हितमान शाक्य, कर्णालीमा मातृका यादव, सुदूरपश्चिममा डिलाराम आचार्य, सम्पर्क समन्वयमा गिरिराजमणि पोखरेल, उपत्यका विशेषमा वर्षमान पुन र प्रवास प्रदेशमा राम कार्कीलाई संयोजक तोकिएको छ ।
अभियानलाई प्रभावकारी बनाउन आजसम्म प्रदेश, जिल्ला, पालिका, वडा बैठकबाट कार्ययोजना निर्माण गरिएको माओवादीले जनाएको छ । आगामी कात्तिकसम्म अभियान चल्नेछ ।

# गौहत्या विरोधमा प्रदर्शन

## गौहत्या र मूल्यवृद्धि विरोधमा सभा

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्रवाद संघले गौहत्या प्रकरण र पेट्रोलियम पद्धार्थको मूल्यवृद्धिको विरोधमा वीरगंजको घण्टाघरमा विरोध सभा गरेको छ । सरकारले समाजिक सद्भाव बिथोल्ने प्रयत्न गरिरहेकालाई समेत संरक्षण गरेको आरोप संघले लगाएको छ । नेपालमा धार्मिक एकता र परापूर्वकालदेखि चलिआएको सनातन धर्मको संरक्षणमा ध्यान नदिएको आरोप लगाउँदै संघले प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामा माग गरेको छ । सरकारविरोधी चर्को नारा लगाउँदै संघले देशमा शान्तिसुरक्षा कायम गर्न सरकार असफल भएको बताएको छ । एक अर्काको धर्मको सम्मान गर्न, आपसी सद्भाव कायम राख्न संघका अध्यक्ष जनकलाल साहद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । नेपाल राष्ट्रवाद संघले आयोजना गरेको विरोध सभामा अध्यक्ष साहसहित, उमाशंकर प्रसाद कलवार, पृथ्वी झा, राजेन्द्र पाल, हरेराम रौनियार, सन्तोष गुप्ता, ईद महमद, संगीता देवी, लालषा देवीलगायत सर्वसाधारणको सहभागिता थियो ।




**मधेशदृष्टि**
**सप्तरी ।**
वैदिक संस्कृति समाज सप्तरीले शुक्रबार 'गौवंश संरक्षण गर, गौहत्या बन्द गर' नारासहित विरोध प्रदर्शन गरेका छन् । वैदिक संस्कृति समाज सप्तरीका अध्यक्ष रामकुमार शास्त्रीको नेतृत्वमा राजविराजस्थित शिवमन्दिरबाट विभिन्न नारासहित नगरको विभिन्न भाग परिक्रमा गरिएको हो ।
नगर परिक्रमापश्चात शिव मन्दिर पुगेर कोण सभामा परिणत भएको थियो ।
सभामा सुनसरीको धरानमा गाईगोरु काटेर सार्वजनिक भोज गर्नेमाथि अविलम्ब कारबाही गर्न बाबा मोतीलाल वैरागीले माग गरे । सुनसरीको धरानमा संवैधानिक प्रावधानविपरीत गाईगोरु हत्या गरी सार्वजनिक भोज आयोजना गरेकाले घटना छानबिन गरी दोषीलाई कारबाही गर्न बाबा वैरागीले अपिल गरे ।
त्यसैगरी, वैदिक संस्कृति समाजका अध्यक्ष रामकुमार शास्त्रीले संविधानविपरीत कार्य गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याई संविधानको रक्षा गर्दै धार्मिक, सामाजिक, सांस्कृतिक एवम् सामुदायिक सद्भाव कायम राखी दोषीमाथी अविलम्ब कारबाही गरी शान्ति सुरक्षा एवम् समस्या समाधानका लागि सरकारसँग माग गरे ।
नेपालको संविधानमै गाई राष्ट्रिय जनावर उल्लेख गरिएकाले गाईहत्या रोकेर संविधानको मूलमर्मलाई संरक्षण गर्न समतामूलक समाज निर्माण महाअभियानका उपाध्यक्ष सुनिता साह(क्रान्ति)ले सरकारसँग माग गरिन् ।
उनले नेपालको संविधानको भाग १, प्रारम्भिक धारा ४ को स्पष्टीकरणमा सनातनदेखि चलिआएको धर्मसंस्कृति संरक्षणलगायतका धार्मिक सांस्कृतिक स्वतन्त्रतालाई अक्षुण्ण राख्नु पर्ने प्रावधान रहेको बताइन् ।
सोही भागको धारा ९ को उपधारा ३ अनुसार, राष्ट्रिय जनावार गाई हुनेछ स्पष्ट लेखिएकाले सरकारले नेपाली रुपैयाँमा गाईको चित्र राख्नु पर्ने बताइन् ।

# ग्यास कालोबजारी गर्नेलाई कारबाही

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले एलपी ग्यासको कालो बजारी गरेको आरोपमा एक व्यवसायीलाई नियन्त्रणमा लिएको छ । बहुदरमाई नगरपालिका वडा नम्बर–४ स्थित बहुअरी पिडारीमा बिराज ट्रेडर्सका भरत साह तेलीलाई प्रहरीले पक्राउ गरेको हो । एलपी ग्यासको सिलिन्डर हुँदाहुँदै उपभोक्तालाई फिर्ता पठाएर ठगी गर्न खोजेको आरोपमा उनलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम प्रहरी नायव उपरीक्षक दीपक गिरीले जानकारी दिए ।



भरतले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि लागू नहुँदै उपभोक्तासँग वृद्धि भएको रकमसहित पैसा लिएको प्रवक्ता गिरीले बताए । पैसा लिए पनि उनले उपभोक्तालाई ग्यास लिन १२ बजे पछि आउन भनेको प्रवक्ता गिरीले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन